विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# नियमावली

२०५७

(२०७२ को संशोधनसहित)

प्रकाशक
केन्द्रीय सचिवालय
नेकपा (एमाले)
धुम्बाराही, काठमाडौँ

| | | |
|---|---|---|
| दस्तावेजको नाम | : | नियमावली–२०५७ (२०७२ को संशोधनसहित) |
| प्रकाशित सङ्ख्या | : | १०,००० प्रति |
| प्रकाशन मिति | : | साउन २०७२ |
| कम्प्युटर | : | शान्ति श्रेष्ठ |
| कभर डिजाइन/लेआउट | : | एम्ज माउस, पुतलीसडक |
| मुद्रण | : | नवयुग छापाखाना, मदननगर, बल्खु । |
| मूल्य | : | २५/- |

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद-१ | प्रारम्भिक | ५ |
| परिच्छेद-२ | सदस्यता | ८ |
| परिच्छेद-३ | ज्येष्ठ कम्युनिस्ट मञ्च र राष्ट्रिय प्रतिनिधि परिषद् सम्बन्धमा | १२ |
| परिच्छेद-४ | स्थानीय कमिटीको मापदण्ड, निर्वाचन, सदस्य सङ्ख्या र स्थानीय निकायहरूसम्बन्धी व्यवस्था | १५ |
| परिच्छेद-५ | बैठकमा आमन्त्रण, राजीनामा, पद रिक्तता र पदपूर्ति | २२ |
| परिच्छेद-६ | केन्द्रीय सचिवालय र विभाग | २५ |
| परिच्छेद-७ | पार्टी संयन्त्र, कार्यदल र मोर्चा सङ्गठन | ५३ |
| परिच्छेद-८ | विविध | ५६ |
| अनुसूचीहरू | | ६० |
| परिशिष्टहरू | | ७० |

**नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को**

# नियमावली–२०५७

**(२०७२ को संशोधनसहित)**

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को नियमावली-२०५७ मा विधानको धारा-७३ बमोजिम तेस्रो संशोधन गरी केन्द्रीय कमिटीले यो नियमावली पारित गरेको छ ।

**परिच्छेद–१**

## प्रारम्भिक

१. **नाम र प्रारम्भ :**

क) यस नियमावलीको नाम 'नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को नियमावली–२०५७ (तेस्रो संशोधन–२०७२) रहेको छ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

क) 'पार्टी' भन्नाले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) सम्भनुपर्दछ ।

ख) 'विधान' भन्नाले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को पाँचौँ राष्ट्रिय महाधिवेशन-२०४९ द्वारा पारित तथा नवौँ राष्ट्रिय महाधिवेशन-२०७१ द्वारा संशोधित विधान सम्भनुपर्दछ ।

ग) 'नियमावली' भन्नाले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को नियमावली-२०५७ (तेस्रो संशोधन-२०७२) सम्भनुपर्दछ ।

घ) 'विभाग' भन्नाले पार्टी विधान र यस नियमावलीबमोजिम गठन भएको विभाग सम्झनुपर्दछ ।

ङ) 'दल' भन्नाले नेकपा (एमाले)को संविधानसभा/संसदीय दल सम्झनुपर्दछ ।

च) 'विनियम' वा 'निर्देशिका' भन्नाले विधान तथा यस नियमावलीबमोजिम पारित विनियम वा निर्देशिका सम्झनुपर्दछ ।

छ) 'संयन्त्र' भन्नाले पार्टी विधान र यस नियमावलीबमोजिम गठन भएको पार्टीको संयन्त्र सम्झनुपर्दछ ।

ज) 'कार्यालय' भन्नाले कुनै पनि तहको पार्टी कार्यालय सम्झनुपर्दछ ।

झ) 'केन्द्रीय सचिवालय' भन्नाले पार्टी विधानअनुरूप गठित केन्द्रीय सचिवालय सम्झनुपर्दछ ।

ञ) 'कार्यालय सचिव' भन्नाले कुनै पनि तहको पार्टी कार्यालयको सचिव सम्झनुपर्दछ ।

ट) 'आर्थिक वर्ष' भन्नाले प्रचलित आर्थिक वर्ष सम्झनुपर्दछ ।

ठ) 'आन्तरिक लेखा परीक्षण' भन्नाले अन्तिम लेखा परीक्षणभन्दा पहिले आर्थिक विभागले तोकेको व्यक्तिबाट गरिने लेखा परीक्षण सम्झनुपर्दछ ।

ड) 'अन्तिम लेखा परीक्षण' भन्नाले पार्टीको केन्द्रीय लेखा परीक्षण आयोग र जिल्ला लेखा परीक्षण कमिटीबाट गरिने लेखा परीक्षण सम्झनुपर्दछ ।

ढ) 'पार्टी कमिटी' भन्नाले पार्टीको विधानअनुरूप गठित कुनै पनि तहको पार्टी कमिटी सम्झनुपर्दछ ।

ण) 'प्रमुख' भन्नाले विभाग र मोर्चा सङ्गठनको प्रमुख सम्झनुपर्दछ ।

त) 'इन्चार्ज' भन्नाले भौगोलिक तथा विशेष क्षेत्रका पार्टी कमिटी र जनसङ्गठन/फाँटका इन्चार्ज सम्झनुपर्दछ ।

थ) 'पार्टीसम्बद्ध जनसङ्गठन' भन्नाले पार्टीको राजनीतिक नेतृत्व स्वीकार गर्ने र पार्टीले निर्धारण गरेका जनसङ्गठन सम्झनुपर्दछ ।

द) 'महाधिवेशन' भन्नाले विधानबमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशन तथा विधान महाधिवेशन सम्झनुपर्दछ ।

ध) 'संयोजक' भन्नाले अधिवेशन आयोजक कमिटीको संयोजक सम्झनुपर्दछ ।

न) 'आयोग' भन्नाले केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोग सम्झनुपर्दछ ।

प) 'पार्टीका स्थानीय निकाय' भन्नाले अञ्चल/राजधानी/सम्पर्क समन्वय कमिटी, जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटी, निर्वाचन क्षेत्रीय कमिटी, महानगर/उपमहानगर/नगर कमिटी, विशेष नगर समन्वय कमिटी, इलाका/विशेष इलाका कमिटी, इलाका समन्वय कमिटी, शाखा/गाउँ/नगर वडा कमिटी र प्रारम्भिक/गाउँ वडा/नगर टोल कमिटी भन्ने सम्झनुपर्दछ । यसले तत्तत् स्तरका सल्लाहकार परिषद, ज्येष्ठ कम्युनिष्ट मञ्च, जिल्ला निर्वाचन कमिटी, जिल्ला लेखा परीक्षण कमिटी, सङ्गठन कमिटी र प्रतिनिधि परिषद्लाई समेत बुझाउँछ ।

फ) 'सीमान्तकृत जनजाति' भन्नाले आदिबासी जनजाति समुदायभित्रका आर्थिक, सामाजिक, शैक्षिक र साँस्कृतिक रूपले अति पिछडिएका र नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन - २०५८ अनुसार सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख भनी वर्गीकृत भएका निम्न अल्पसङ्ख्यक आदिबासी जनजाति समूहलाई जनाउँछ -

भुजेल, कुमाल, राजवंशी, भोटे, दराई, ताजपुरिया, पहरी, तोक्पेगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ, माझी, सियार, सिङ्सा, थुदाम, धानुक, चेपाङ, सन्थाल, थामी, झाँगड, वोटे, दनुवार, वराम, कुसुण्डा, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया ।

## परिच्छेद–२
# सदस्यता

३. **पार्टी सदस्यता, सदस्यताको आवेदन, नवीकरण र अभिलेख**

क) नवौँ राष्ट्रिय महाधिवेशनपूर्वका सङ्गठित सदस्यहरू विधान र यस नियमावलीबमोजिम पार्टी सदस्य हुनेछन् ।

ख) नवौँ राष्ट्रिय महाधिवेशनपूर्वका पार्टी सदस्यहरू विधान र यस नियमावलीबमोजिम परीक्षणकालीन सदस्य हुनेछन् । सम्बन्धित कमिटीले परीक्षणकालीन सदस्यको अभिलेख तयार गर्दा यस अघिका पार्टी सदस्यहरुको पार्टी सदस्यता पत्र लगायत अन्य आवश्यक प्रमाणलाई आधार बनाउनु पर्नेछ ।

ग) विधानको धारा ४ (ख)मा उल्लिखित योग्यता पुगेका पार्टी सदस्यता प्राप्त गर्न इच्छुक व्यक्तिले अनुसूची-१ बमोजिमको आवेदनपत्र भरी विधानको धारा ५ (१) बमोजिम बुझाउनुपर्नेछ ।

घ) आवेदनपत्र रू. १०/- तिरी स्थानीय पार्टी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

ङ) विधानको धारा ५ (१, २, ३) को प्रक्रिया पूरा गरी प्राप्त हुन आएको आवेदनमाथि छानबिन गरी जिल्ला कमिटीले जुनसुकै बेला परीक्षणकालीन सदस्यता प्रदान गर्न सक्नेछ । निजलाई सम्बन्धित कमिटीले पार्टीको प्रारम्भिक परिषद्, सङ्क्रमणकालीन पार्टी सङ्गठन, पार्टीसम्बद्ध जनसङ्गठन, सम्पर्क मञ्च, पेसागत सङ्गठन, सरोकारवाला सङ्गठन वा अन्य उपयुक्त ठाउँमा सङ्गठित गर्नेछ ।

च) विधानको धारा ६ (क) बमोजिम परीक्षणकाल र दायित्व पूरा गरेका व्यक्तिलाई जिल्ला कमिटीले पार्टी सदस्यता प्रदान गर्नेछ । यस प्रयोजनका लागि प्रत्येक वर्ष मङ्सिर र जेठमा जिल्ला कमिटीको बैठक आयोजना गर्नुपर्नेछ । अञ्चल समन्वय कमिटीले आवश्यक छानबिन गरी सदस्यताको अनुमोदन गर्नेछ र सदस्यता नम्बर प्रदान गर्न केन्द्रीय सङ्गठन विभागमा पठाउनेछ । केन्द्रीय सङ्गठन

विभागले प्रमाणित गरी सदस्यता नम्बर प्रदान गरेर सम्बन्धित कमिटीमा पठाउनेछ । सदस्यता नम्बर प्रदान भएर आएपछि र जिल्ला कमिटीले तोकिएको ढाँचामा शपथ ग्रहण गराएपछि निज औपचारिकरूपमा पार्टी सदस्य भएको मानिनेछ ।

छ) पार्टी सदस्यताको नवीकरण जिल्ला कमिटीले गर्नेछ । अञ्चल समन्वय कमिटीले त्यसको अनुमोदन गर्नेछ । केन्द्रीय सङ्गठन विभागले प्रमाणित गर्नेछ । पार्टी सदस्यताको मापदण्ड र कर्तव्य पूरा गरिरहेका व्यक्तिको मात्र सदस्यता नवीकरण गरिनेछ ।

ज) केन्द्रीय कमिटी, केन्द्रीय आयोगहरु/केन्द्रीय सल्लाहकार परिषद्/ज्येष्ठ कम्युनिष्ट मञ्च/केन्द्रीय विभागहरुका सदस्यहरु, पार्टीसम्बद्ध जनसङ्गठनका केन्द्रीय पदाधिकारी र सचिवालय सदस्य तथा केन्द्रीय संयन्त्रहरुमा सङ्गठित पार्टी सदस्यहरुको सदस्यता नवीकरण पार्टी केन्द्रबाट हुनेछ ।

झ) आगामी वर्षका लागि पार्टी सदस्यताको नवीकरण चालू वर्षको फागुन र चैत महिनामा गरिनेछ । विशेष अवस्थामा केन्द्रीय कमिटीले निर्णय गरी नवीकरणको समय हेरफेर गर्न सक्नेछ ।

ञ) परीक्षणकालमा रहेका पार्टी सदस्यहरूको अभिलेख अनुसूची-२ र परीक्षणकाल पूरा गरेका पार्टी सदस्यहरूको अभिलेख अनुसूची-३ मा उल्लिखित ढाँचामा राख्नुपर्नेछ ।

## ४. सदस्यता शुल्क र लेवी :

क) पार्टी सदस्यता शुल्क मासिक रू. १५/- (पन्ध्र रूपैंयाँ) हुनेछ । यो व्यवस्था परीक्षणकालको आरम्भदेखि नै लागू हुनेछ ।

ख) पार्टी सदस्यता शुल्कको ४० प्रतिशत केन्द्रीय कमिटीमा, १५ प्रतिशत सम्बन्धित अञ्चल/विशेष समन्वय कमिटीमा, ३० प्रतिशत सम्बन्धित जिल्ला कमिटीमा र १५ प्रतिशत सम्बन्धित निर्वाचन क्षेत्रीय कमिटी वा निर्वाचन क्षेत्रीय कमिटी नभएको जिल्लामा इलाका कमिटीमा रहनेछ ।

ग) माथिल्लो कमिटीले मातहतका कमिटीलाई र सम्बन्धित कमिटीले आफ्नो कमिटी एवम् मातहत सदस्यहरूलाई लेबी तोक्न सक्नेछ । प्रत्येक जिल्ला कमिटीले अञ्चल/विशेष समन्वय कमिटीमार्फत् प्रतिसदस्य कम्तीमा मासिक रू. ५/- का दरले पार्टी केन्द्रमा लेबी बुझाउनुपर्नेछ ।

घ) पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि तथा पार्टीको सिफारिसमा राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरूले तोकिएबमोजिम लेबी बुझाउनेछन् ।

ङ) पार्टी सदस्यता शुल्क तथा लेबी कार्ड अनुसूची-४ बमोजिम हुनेछ ।

**५. सदस्यता–पत्र तथा परिचय–पत्र :**

क) १. पार्टी सदस्यता-पत्र अनुसूची-५ बमोजिम हुनेछ ।

२. सदस्यता प्रदान गर्ने कमिटीको अध्यक्षले पार्टी सदस्यता-पत्र प्रमाणित गर्नेछन् ।

३. पार्टी सदस्यता-पत्रको शुल्क रू. २५/- हुनेछ ।

ख) १. सबै तहको कमिटीका पदाधिकारी तथा सदस्यहरूको परिचयपत्र अनुसूची-६ बमोजिम हुनेछ ।

२. परिचयपत्र शुल्क रू. २५/- हुनेछ ।

३. केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको परिचयपत्र अध्यक्षले तथा अध्यक्षको परिचयपत्र महासचिवले प्रमाणित गर्नेछन् । केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्यहरूको परिचयपत्र सम्बन्धित आयोगका अध्यक्षले र अध्यक्षको सचिवले प्रमाणित गर्नेछन् । केन्द्रीय विभागका सचिव र सदस्यहरूको परिचयपत्र महासचिवले प्रमाणित गर्नेछन् । अञ्चल /राजधानी/सम्पर्क समन्वय कमिटीका सचिव र सदस्यहरू तथा विभागका पदाधिकारी र सदस्यहरूको परिचयपत्र अञ्चल इन्चार्जले र जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरू, जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीको विभागका पदाधिकारी र सदस्यहरू तथा

जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटी मातहत कमिटीका पदाधिकारी र सदस्यहरूको परिचयपत्र सम्बन्धित जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीका अध्यक्षले प्रमाणित गर्नेछन् ।

**६. पार्टी सदस्यता पुनः प्राप्ति तथा सदस्यता कायम :**

क) विधानको धारा ७ (१) बमोजिम पार्टी सदस्यता गुमाएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा देहायको प्रक्रिया पूरा गर्नुपर्नेछ-

१. जुन कारणले सदस्यता गुमाएको हो त्यसका बारेमा आत्मालोचनासहित सम्बन्धित कमिटीमा लिखित निवेदन दिनुपर्नेछ,

२. सम्बन्धित कमिटीले तोकेको सदस्यता शुल्क र लेबी चुक्ता गर्नुपर्नेछ,

३. सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पूरा गर्न तयार हुनुपर्नेछ,

४. नेपाली नागरिकता परित्याग गरेको व्यक्तिले नागरिकता पुनः प्राप्त गरेको हुनुपर्नेछ ।

ख) विधानको धारा ८ (१) बमोजिम अन्य कम्युनिस्ट तथा वामपन्थी समूहबाट नेकपा (एमाले)मा एकीकृत भएका वा प्रवेश गरेका पार्टी सदस्यको सदस्यता आवश्यक प्रमाण प्राप्त गरी सम्बन्धित जिल्ला वा अञ्चल/राजधानी/सम्पर्क समन्वय कमिटी वा केन्द्रीय कमिटीको निर्णयबाट कायम हुनेछ ।

ग) उपनियम (ख) अनुसार पार्टीमा एकीकृत वा समाहित हुने सदस्यले अनुसूची-७ बमोजिमको विवरण फाराम भर्नुपर्नेछ ।

**७. सदस्यता स्थानान्तरण :**

क) जिल्लाभित्रको पार्टी सदस्यताको स्थानान्तरण जिल्ला कमिटीले र अञ्चलभित्र एक जिल्लाबाट अर्को जिल्लामा पार्टी सदस्यताको स्थानान्तरण अञ्चल समन्वय कमिटीले गर्नेछ ।

ख) एक अञ्चलबाट अर्को अञ्चलमा, स्वदेशबाट प्रवासमा वा प्रवासबाट स्वदेशमा, एउटा प्रवास कमिटीको क्षेत्रबाट अर्को प्रवास कमिटीको क्षेत्रमा, एक अञ्चल सम्पर्क कमिटीबाट अर्कोमा पार्टी सदस्यताको स्थानान्तरण केन्द्रीय सङ्गठन विभागले गर्नेछ ।

ग) पार्टी सदस्यता स्थानान्तरणको सम्पूर्ण विवरण केन्द्रीय सङ्गठन विभागमा पठाउनुपर्नेछ ।

घ) पार्टी सदस्यता स्थानान्तरण पत्र अनुसूची-८ बमोजिम हुनेछ ।

ङ) पार्टीको महाधिवेशन, अधिवेशन र सम्मेलनको मिति घोषणापश्चात् सम्बन्धित कमिटी अन्तर्गतका पार्टी सदस्यहरुको सदस्यता स्थानान्तरण हुनेछैन । सामान्यतः पार्टी सदस्यहरूको स्थानान्तरण एक वर्षमा एकपटक मात्र गरिनेछ ।

## परिच्छेद–३

## ज्येष्ठ कम्युनिस्ट मञ्च र राष्ट्रिय प्रतिनिधि परिषद् सम्बन्धमा

### ८. ज्येष्ठ कम्युनिस्ट मञ्च :

क) केन्द्रीय कमिटी र मातहत कमिटीहरूले कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनमा कम्तीमा तीन दशक योगदान दिएका, कार्यकारी कमिटीमा निर्वाचित हुने उमेर हद नाघिसकेका, पार्टी कमिटीमा लामो समय काम गरिसकेका ज्येष्ठ व्यक्तिहरूबीच देहायबमोजिम ज्येष्ठ कम्युनिस्ट मञ्च गठन गर्न सक्नेछन् ।

१) ज्येष्ठ कम्युनिस्ट मञ्चमा सम्बन्धित कमिटीको ५० प्रतिशतभन्दा बढी नहुने गरी सदस्यहरू रहनेछन् ।

२) यो मञ्च सम्बन्धित कमिटीप्रति उत्तरदायी रहनेछ ।

३) यसको अध्यक्षको मर्यादा सम्बन्धित कमिटी सदस्यसरह हुनेछ ।

४) पार्टी स्थापना दिवसलगायत विभिन्न दिवसहरूमा ज्येष्ठ कम्युनिस्टलाई सम्मान गरिनेछ ।

ख) ज्येष्ठ कम्युनिस्ट मञ्चको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. आफूमध्येबाट अध्यक्ष, उपाध्यक्ष र सचिव छान्ने ।

२ सम्बन्धित कमिटीको अध्यक्षसँग परामर्श गरी अध्यक्षले सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने ।

३ सचिवले मञ्चको बैठक बोलाउने ।

४ अध्यक्षले अध्यक्षता गर्ने र सचिवले बैठक सञ्चालन गर्ने ।

५ अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने ।

६. आवश्यकताअनुसार सम्बन्धित कमिटीलाई राय सुझाव दिने ।

७ ज्येष्ठ कम्युनिस्टलाई संरक्षण, सम्मान गर्न सम्बन्धित कमिटीमा सुझावहरू प्रस्तुत गर्ने ।

९. **राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यको निर्वाचन देहायबमोजिम हुनेछ :**

क) विधानको धारा १५ (क) ७ बमोजिम सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूले राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यको निर्वाचन गर्नेछन् ।

ख) न्यूनतम् १०० जना महिला पार्टी सदस्य रहेको निर्वाचन क्षेत्रबाट एकजना महिला राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् । उक्त निर्वाचनका लागि सम्पूर्ण सदस्यहरू मतदाता हुनेछन् ।

एकमात्र निर्वाचन क्षेत्र रहेका प्रत्येक जिल्लाबाट न्यूनतम एकजना महिला राष्ट्रिय प्रतिनिधि सदस्य निर्वाचित हुनेछन् ।

ग) न्यूनतम् १०० जना दलित पार्टी सदस्य रहेका जिल्लामा सिङ्गो जिल्लालाई निर्वाचन क्षेत्र मानी दलित समुदायबाट एकजना राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् । उक्त निर्वाचनका लागि सम्पूर्ण पार्टी सदस्य मतदाता हुनेछन् ।

घ) ३ हजारभन्दा बढी पार्टी सदस्यहरू भएको निर्वाचन क्षेत्रबाट थप एकजना राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् । महिला र दलित पार्टी सदस्यले उम्मेदवार हुन खुला या विशेष निर्वाचन क्षेत्रमध्ये एक रोज्नुपर्नेछ ।

ङ) हरेक विशेष जिल्ला कमिटी/अञ्चल सम्पर्क कमिटीबाट एकजना राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् । ३ हजारभन्दा

बढी पार्टी सदस्य भएका विशेष जिल्ला कमिटीहरूबाट थप एकजना राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् ।

च) मोर्चाआबद्ध जनसङ्गठनको केन्द्रीय कमिटीमा रहेका पार्टी सदस्यहरूको बीचबाट तीनजना राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचित हुनेछन् ।

छ) निर्वाचन हुने मितिभन्दा अघिल्लो फागुन-चैतमा नवीकरण भई केन्द्रीय सङ्गठन विभागबाट प्रमाणित पार्टी सदस्यहरू मात्रै राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचन प्रयोजनका लागि मतदाता हुन योग्य हुनेछन् ।

ज) कुनै पनि सदस्यले दुई निर्वाचन क्षेत्रमा मतदान गर्ने छैनन् ।

झ) विधानको धारा ३८ (घ) को अधीनमा रही एक कार्यकाल जिल्ला/विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीको सचिवालय सदस्य रहेको व्यक्तिसमेत राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्य हुन योग्य ठहरिनेछ ।

ञ) राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको निर्वाचनसम्बन्धी अन्य व्यवस्था केन्द्रीय निर्वाचन आयोगले गरेबमोजिम हुनेछ ।

## १०. केन्द्रीय प्रतिनिधिको व्यवस्था :

क) केन्द्रबाट प्रत्येक जिल्ला, जनसङ्गठन र फाँटका लागि इन्चार्जका रूपमा एकजना प्रतिनिधि तोकिनेछ । आवश्यकताअनुसार सहइन्चार्ज पनि तोक्न सकिनेछ ।

ख) निजले आफूलाई तोकिएको जिल्ला, जनसङ्गठन र फाँटलाई राजनीतिक, साङ्गठनिक, आर्थिक, विकास निर्माण र अन्य काममा मार्गदर्शन गर्नेछन् । पार्टी जिल्ला कमिटी, जनसङ्गठन र फाँटहरूले आफ्ना काममा सम्बन्धित इन्चार्जसँग नियमित समन्वयमा रहेर काम गर्नेछन् ।

ग) इन्चार्जले आफ्नो कार्यक्षेत्रको कामका सम्बन्धमा पार्टी केन्द्रलाई नियमितरूपमा प्रतिवेदन बुझाउनुपर्नेछ ।

## परिच्छेद-४

# स्थानीय कमिटीको मापदण्ड, निर्वाचन, सदस्य सङ्ख्या र स्थानीय निकायहरूसम्बन्धी व्यवस्था

**११. अधिवेशनबाट निर्वाचित हुने स्थानीय कमिटीहरू देहायबमोजिम समावेशी चरित्रका हुनेछन् :**

क) कमिटीका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचनका लागि आमरूपमा भूगोल, खुला र समावेशी क्षेत्र निर्धारण गर्नुपर्नेछ । ती प्रत्येक क्षेत्रबाट निर्वाचित हुने सदस्य सङ्ख्या सम्बन्धित कमिटीको प्रस्तावमा सम्बन्धित अधिवेशनले तय गर्नेछ ।

ख) विधानको धारा-६६ (४) अनुरूप हरेक कमिटीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्नेछ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ ।

ग) कमिटीमा स्थानीय विशेषताअनुरूप श्रमिक, दलित, आदिवासी/जनजाति र अल्पसङ्ख्यक समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्नेछ । समावेशी प्रतिनिधित्वको सङ्ख्या स्थानीय विशेषताअनुरूप सम्बन्धित कमिटीको प्रस्तावमा अधिवेशनबाट तय गर्नुपर्नेछ ।

घ) अधिवेशन हुने मितिभन्दा अघिल्लो फागुन-चैतमा नवीकरण भई केन्द्रीय सङ्गठन विभागबाट प्रमाणित पार्टी सदस्यहरू मात्र अधिवेशनमा प्रतिनिधि छान्ने मतदाता हुनेछन् र ती प्रतिनिधिहरू कमिटीका पदाधिकारी एवम् सदस्य निर्वाचित गर्ने मतदाता हुनेछन् ।

ङ) निर्वाचित कमिटीमा कुल सदस्य सङ्ख्याको बढीमा २५ प्रतिशत वैकल्पिक सदस्य हुनेछन् ।

ज) कमिटीको पदाधिकारीमा उम्मेदवार भएको व्यक्ति सोही कमिटीको सदस्यमा पनि उम्मेदवार भएको मानिनेछ ।

झ) निर्वाचनसम्बन्धी कुनै विवाद उत्पन्न भएमा निर्वाचन आयोगको निर्णय अन्तिम हुनेछ । यसउपर चित्त नबुझेमा राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकमा पुनरावेदन गर्न सकिनेछ ।

ञ) नवौँ राष्ट्रिय महाधिवेशनपूर्व अधिवेशनद्वारा गठित जिल्ला, निर्वाचन क्षेत्र, महानगर, उपमहानगर, नगर, इलाका, शाखा र प्रारम्भिक तहका कमिटीहरूको कार्यावधि पार्टी विधान-२०४९ (नवौँ राष्ट्रिय महाधिवेशन २०७१ को संशोधनसहित) अनुसार कायम हुनेछन् ।

**१२. स्थानीय कमिटीमा निर्वाचित हुने सदस्य सङ्ख्या देहायबमोजिम हुनेछः**

क) एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लाको जिल्ला कमिटी पदाधिकारीसहित बढीमा ५१ सदस्यीय हुनेछ । एकभन्दा बढी निर्वाचन क्षेत्र भए प्रत्येक निर्वाचन क्षेत्रबाट बढीमा चारजनाको दरले सदस्य थप गर्न सकिनेछ ।

**स्पष्टीकरण** : एक निर्वाचन क्षेत्र भए जिल्ला कमिटीको सङ्ख्या ५१, दुई निर्वाचन क्षेत्र भए ५१+४=५५, तीन निर्वाचन क्षेत्र भए ५१+४+४=५९ एवं रीतले जिल्ला कमिटीको सदस्य सङ्ख्या बृद्धि हुँदै जानेछन् ।

ख) विशेष जिल्ला कमिटीमा पदाधिकारीसहित बढीमा ५१ सदस्य हुनेछन् ।

ग) अञ्चल सम्पर्क कमिटीमा पदाधिकारीसहित बढीमा ३५ सदस्य रहनेछन् ।

घ) निर्वाचन क्षेत्रीय कमिटीमा पदाधिकारीसहित बढीमा ५१ सदस्य रहनेछन् ।

**स्पष्टीकरण** : सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित पार्टीका सदस्य रहेका सांसदलाई निर्वाचन क्षेत्रीय कमिटीको बैठकमा आमन्त्रण गर्नुपर्नेछ । यसरी आमन्त्रित हुने व्यक्तिलाई मताधिकार रहनेछैन ।

ङ) इलाका र नगरस्तरीय कमिटीमा पदाधिकारीसहित बढीमा ३५ सदस्य रहनेछन् ।

च) विशेष इलाका कमिटीमा पदाधिकारीसहित बढीमा २५ सदस्य रहनेछन् ।

छ) शाखा कमिटीमा पदाधिकारीसहित बढीमा २१ सदस्य रहनेछन् ।

ज) प्रारम्भिक कमिटीमा पदाधिकारीसहित बढीमा १५ सदस्य रहनेछन् ।

झ) विधानको धारा २८ (क) २ बमोजिम गठन हुने विशेष नगर समन्वय कमिटीको सदस्य सङ्ख्या सम्बन्धित जिल्ला कमिटीले निर्धारण गरेबमोजिम हुनेछ ।

ञ) नियमावलीको दफा (१२) को व्यवस्थाभन्दा बढी सदस्य निर्वाचित वा मनोनीत भएमा बढी भएको सङ्ख्या स्वतः बदर हुनेछन् । तर, एकता र एकीकरण प्रक्रियाबाट हुने प्रतिनिधित्व र विधानको धारा ६७ (२) बमोजिम मनोनयन हुने सङ्ख्या यसमा गणना गरिनेछैन ।

**१३. स्थानीय कमिटी र तिनका पदाधिकारी एवम् सदस्यहरूका मापदण्ड देहायबमोजिम हुनेछन् :**

क) अञ्चल सम्पर्क कमिटीको हैसियत जिल्ला कमिटीसरह हुनेछ र त्यसका सदस्यको योग्यता जिल्ला कमिटीको सदस्यसरह हुनुपर्नेछ ।

ख) निर्वाचन क्षेत्रीय कमिटीको सदस्य हुनका लागि निर्वाचन क्षेत्रस्तरको पार्टी कमिटीमा रही काम गरेको वा इलाका कमिटीमा रहेर तीन वर्ष काम गरेको वा पार्टीको सदस्य भई कम्तीमा ५ वर्षको सङ्गठनात्मक अनुभव भएको हुनुपर्नेछ । तर महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने निर्वाचन क्षेत्रीय कमिटी वा इलाका कमिटीमा रहेर काम गरिसकेको वा पार्टी सदस्य भई ४ वर्ष काम गरेको भए पुग्नेछ ।

ग) इलाका/नगर कमिटीको सदस्य हुन सोही स्तरको कमिटी वा शाखा कमिटीमा सदस्य भई काम गरेको वा पार्टी सदस्य भई तीन वर्ष काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई २ वर्ष काम गरेको भए पुग्नेछ ।

घ) शाखा कमिटीको सदस्य हुन शाखा वा प्रारम्भिक कमिटीमा रहेर काम गरेको वा पार्टी सदस्य भई २ वर्ष काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई १ वर्ष काम गरेको भए पुग्नेछ ।

ङ) प्रारम्भिक कमिटीको सदस्य हुन पार्टीको पार्टी सदस्य भएको हुनुपर्नेछ ।

च) जिल्ला कमिटीभन्दा तल्लो कमिटीको पदाधिकारी हुनका लागि विधानको धारा-३८ (ठ) बमोजिम सम्बन्धित तहको कमिटीमा कम्तीमा एक अवधि काम गरिसकेको हुनुपर्नेछ । तर, पहिले कुनै पार्टी कमिटी नरहेको र पहिलोपटक कमिटी बनिरहेको स्थानमा भने यो मापदण्ड आकर्षित हुनेछैन ।

**स्पष्टिकरण** : कमिटीमा काम गरेको अवधिको गणना गर्दा कमिटीबाट मनोनीत सदस्यहरूले मनोनयनपछि व्यतीत गरेको अवधिसमेतलाई गणना गरिनेछ ।

## १४. जिल्ला लेखा परीक्षण कमिटी, जिल्ला निर्वाचन कमिटी तथा स्थानीय सल्लाहकार परिषद्

**क) जिल्ला लेखा परीक्षण कमिटी :**

जिल्ला अधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, सचिवसहित बढीमा ७ सदस्यीय जिल्ला लेखा परीक्षण कमिटीको निर्वाचन गरिनेछ । यो कमिटी जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ । कमिटीको अध्यक्षको मर्यादा जिल्ला सचिवालय सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा जिल्ला कमिटी सदस्यसरह हुनेछ । कमिटीका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कमिटी र निकायमा सङ्गठित हुनेछैनन् । यस कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् ।

१ पार्टीको निर्वाचन क्षेत्रीय कमिटी, महानगर, उपमहानगर, नगर/इलाका/विशेष इलाका तथा जिल्ला तहका पार्टी सम्बद्ध जनसङ्गठनको आय-व्ययको नियमित अनुगमन र वार्षिक लेखा परीक्षण गर्ने ।

२. आवश्यकताअनुसार शाखा कमिटी र जिल्लामातहतका पार्टी सम्बद्ध जनसङ्गठनहरूको आय-व्ययको निरीक्षण तथा छानबिन गरी सुझावसहितको प्रतिवेदन जिल्ला कमिटीमा प्रस्तुत गर्ने ।

३. आवश्यकताअनुसार जिल्ला सचिवालय/कार्यालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी तालिम, प्रशिक्षण सञ्चालन गर्ने ।

४ लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा आवश्यकताअनुसार जिल्ला कमिटीमातहतका कमिटी र कमिटीका बैठक एवम् कार्यक्रममा उपस्थित हुने र सूचना प्राप्त गर्ने ।

५ आफ्नो कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।

६ आफ्ना कामको जानकारी जिल्ला कमिटीलाई दिने । आवधिक प्रतिवेदन जिल्ला प्रतिनिधि परिषद् र जिल्ला अधिवेशन समक्ष प्रस्तुत गरी अनुमोदन गराउने ।

७. कमिटीका अध्यक्षले जिल्ला कमिटी र कमिटीको सचिवालयको बैठकमा भाग लिने ।

८. केन्द्रीय लेखा परीक्षण आयोगसँग समन्वय गरी आवश्यक कामहरू गर्ने ।

९. दफा १४ (क)को व्यवस्था हुनुभन्दा अघि अधिवेशन सम्पन्न भइसकेका जिल्लामा जिल्ला प्रतिनिधि परिषद्ले जिल्ला लेखा परीक्षण कमिटी गठन गर्नसक्नेछ ।

१०. माथिको व्यवस्था विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीका हकमा पनि लागु हुनेछ ।

**ख) जिल्ला निर्वाचन कमिटी :**

पार्टीको जिल्ला अधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, सचिवसहित बढीमा ७ सदस्यीय जिल्ला निर्वाचन कमिटीको निर्वाचन गरिनेछ । यो कमिटी जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ । कमिटीको अध्यक्षको मर्यादा जिल्ला सचिवालय सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा जिल्ला कमिटी सदस्यसरह हुनेछ । यस कमिटीका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कमिटी र निकायमा सङ्गठित हुनेछैनन् । यस कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् ।

१ पार्टीको निर्वाचन क्षेत्रीय कमिटी, इलाका र विशेष इलाका, महानगर, उपमहानगर र नगर एवम् शाखा कमिटीको पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने ।

२ पार्टी सम्बद्ध जनसङ्गठनका जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गराउने ।

३ प्रारम्भिक कमिटी तथा जनसङ्गठनका जिल्लामातहत कमिटीका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन अनुगमन गर्ने तथा आवश्यक मार्गदर्शन गर्ने ।

४ आफूले सम्पादन गर्ने निर्वाचन कार्यक्रमका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।

५ कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।

६ आफ्ना कामको जानकारी जिल्ला कमिटीलाई दिने । आवधिक प्रतिवेदन जिल्ला प्रतिनिधि परिषद् र जिल्ला अधिवेशन समक्ष प्रस्तुत गरी अनुमोदन गराउने ।

७ केन्द्रीय निर्वाचन आयोगसँग समन्वय गरी आयोगको काममा सहयोग पुऱ्याउने ।

८ दफा १४ (ख)को व्यवस्था हुनुअघि अधिवेशन सम्पन्न भइसकेका जिल्लाहरूमा जिल्ला प्रतिनिधि परिषद्ले जिल्ला निर्वाचन कमिटी गठन गर्न सक्नेछ ।

९. माथिको व्यवस्था विशेष जिल्ला/अञ्चल सम्पर्क कमिटीका हकमा पनि लागु हुनेछ ।

ग) **स्थानीय सल्लाहकार परिषद् :**

स्थानीय कमिटीले विभिन्न विषयमा आवश्यक सल्लाह-सुझाव लिनका निम्ति आफ्नो कमिटीको कुल सदस्य सङ्ख्याको ५० प्रतिशत ननाघ्ने गरी एक सल्लाहकार परिषद्को गठन गर्नेछ । यो परिषद् सम्बन्धित कमिटीप्रति उत्तरदायी रहनेछ । यसका अध्यक्षको

मर्यादा सम्बन्धित कमिटीको सचिवालय सदस्यसरह हुनेछ । उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा सम्बन्धित कमिटीको सदस्यसरह हुनेछ । यसका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. आफूमध्येबाट अध्यक्ष, उपाध्यक्ष र सचिव चयन गर्ने । अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने । अध्यक्षको निर्देशनमा सचिवले बैठक बोलाउने र संचालन गर्ने ।

२. सम्बन्धित कमिटीलाई आवश्यकताअनुसार विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने ।

३. सम्बन्धित कमिटीले तोकेको अन्य कामहरू गर्ने ।

४. अध्यक्षले सम्बन्धित कमिटी र सचिवालयको बैठकमा भाग लिने ।

घ) **विशेष जिल्ला कमिटीको मापदण्ड :**

१. विधानको धारा-२४ (ख) बमोजिम राजधानीमा राजधानी समन्वय कमिटीको मातहतमा मजदुर, पेसागत-बुद्धिजीवी र विद्यार्थी विशेष जिल्ला कमिटी गठन गर्न सकिनेछ । विशेष जिल्ला कमिटीको मापदण्ड देहायबमोजिम हुनेछ-

(क) न्यूनतम् १००० पार्टी सदस्यता पुगेको ।

(ख) कमिटीको मातहतमा न्यूनतम् ५ वटा इलाका स्तरका कमिटी, २० वटा शाखा स्तरका कमिटी र २५ वटा प्रारम्भिक स्तरका कमिटी गठन भएको ।

बुँदा (क) बमोजिम सदस्य सङ्ख्या पुऱ्याउन नसकेका विशेष जिल्ला कमिटीहरुले आफ्ना कार्यकालमा उक्त सदस्य सङ्ख्या पुरा गरेको हुनुपर्नेछ ।

ङ) **जिल्ला प्रतिनिधि परिषद्मा विधानको धारा २५ मा उल्लेख भए अतिरिक्त देहायबमोजिम सदस्यहरू रहनेछन् :**

१. जिल्ला ज्येष्ठ कम्युनिस्ट मञ्चका पदाधिकारी एवम् सदस्यहरू

२. जिल्ला लेखा परीक्षण कमिटीका पदाधिकारी एवम् सदस्यहरू

३. जिल्ला निर्वाचन कमिटीका पदाधिकारी एवम् सदस्यहरू

**च**) निर्वाचन क्षेत्रीय प्रतिनिधि परिषद्, इलाका प्रतिनिधि परिषद्, महानगर, उपमहानगर, नगर प्रतिनिधि परिषद्, शाखा/गाउँ प्रतिनिधि परिषद् र प्रारम्भिक प्रतिनिधि परिषद्मा सम्बन्धित तहको ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र सदस्यहरू सदस्य रहनेछन् ।

### १५. प्रवास क्षेत्रहरू :

क) प्रवास क्षेत्रहरू निम्नानुसार हुनेछन् :

१. दक्षिण एसिया (सार्क क्षेत्र)
२. एसिया प्यासिफिक
३. खाडी क्षेत्र
४. युरोप तथा अफ्रिका
५. उत्तर तथा दक्षिण अमेरिका

ख) प्रवासका उपरोक्त क्षेत्रहरूमा प्रवासी नेपाली मञ्च/प्रवासी नेपाली सङ्घ क्रियाशील हुनेछन् । तिनीहरूको कार्यसञ्चालन 'प्रवासको कामसम्बन्धी निर्देशिका' मा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद–५

## बैठकमा आमन्त्रण, राजीनामा, पद रिक्तता र पदपूर्ति

### १६. बैठकमा आमन्त्रण

केन्द्रीय लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्षलाई आवश्यकताअनुसार स्थायी कमिटीको बैठकमा आमन्त्रण गरिनेछ । यसरी नै, अञ्चल समन्वय कमिटीको बैठकमा अञ्चल सल्लाहकार परिषद्का अध्यक्षलाई आमन्त्रित गर्न सकिनेछ । जिल्ला लेखा परीक्षण कमिटी, जिल्ला निर्वाचन कमिटी र जिल्ला सल्लाहकार परिषद्का अध्यक्षले जिल्ला कमिटी र सचिवालयको बैठकमा पदेन सदस्यका रूपमा भाग लिनेछन् । अन्य स्थानीय कमिटीहरूमा पनि सोहीअनुसारको व्यवस्था गरिनेछ ।

## १७. राजीनामा :

१. आफू रहेको पदबाट राजीनामा दिन चाहने अध्यक्षले आफ्नो कमिटीका उपाध्यक्षसमक्ष र अन्य पदाधिकारी वा सदस्यले आफ्नो कमिटीको अध्यक्षसमक्ष राजीनामा दिनुपर्नेछ । केन्द्रीय आयोगका अध्यक्षले उपाध्यक्षसमक्ष तथा पदाधिकारी र सदस्यले अध्यक्षसमक्ष राजीनामा दिनुपर्नेछ । त्यसैगरी, विभाग वा संयन्त्रका पदाधिकारी वा सदस्यले सम्बन्धित पार्टी कमिटीको अध्यक्षसमक्ष राजीनामा दिनुपर्नेछ ।

२. सबै तहका सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिस्ट मञ्चका पदाधिकारी एवम् सदस्यहरूले सम्बन्धित तहको कमिटीसमक्ष राजीनामा दिन सक्नेछन् ।

## १८. पद रिक्तता :

क) निम्न अवस्थामा कुनै पनि कमिटी, आयोग, परिषद्, मञ्च, विभाग र संयन्त्रका पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ :

१. राजीनामा स्वीकृत भएमा ।

२. कारबाही परी निष्काशित भएमा ।

३. पार्टी परित्याग गरेमा ।

४. कार्यावधि समाप्त भएमा ।

५. कुनै पनि कमिटीको पदाधिकारी वा सदस्यमा कार्यरत व्यक्ति अर्को कमिटीको पदाधिकारी वा सदस्यको निर्वाचनमा उम्मेदवार भएमा ।

६. पार्टीको जिल्ला र सो मातहत कमिटीको पदाधिकारी कुनै जनसङ्गठनको केन्द्रीय कमिटीको पदाधिकारी वा सचिवालय सदस्य निर्वाचित भएमा ।

७. विभाग, कार्यदल, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले जिम्मेवारीबाट हटाएमा,

८. औपचारिकरूपमा कुनै कारण नजनाई आफ्नो कमिटी, आयोग, परिषद्, मञ्च, विभाग र संयन्त्रका बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा ।

९. मृत्यु भएमा ।

ख) कुनै पनि तहको पार्टी कमिटी, आयोग, परिषद्, मञ्च, विभाग, संयन्त्रको पदाधिकारी वा सदस्य आफ्नो व्यक्तिगत पेसा, व्यवसाय वा अध्ययन आदि कारणले ६ महिनाभन्दा बढी समय कार्यक्षेत्रबाट बाहिर गएमा त्यस्ता व्यक्ति सो कमिटी, आयोग, विभाग वा संयन्त्रको पद वा सदस्यबाट स्वतः मुक्त हुनेछ ।

ग) कुनै कमिटीको पदाधिकारी वा सदस्यको सदस्यता आफू सङ्गठित रहेको कमिटीको कार्यक्षेत्रबाट अर्को कार्यक्षेत्रमा स्थानान्तरण भएमा निजको साबिकको पद स्वतः रिक्त हुनेछ ।

१९. **पदपूर्ति :**

**विधानको धारा ६५ को ५, ६, ७ बमोजिम पदपूर्तिको प्रक्रिया देहायअनुरूप हुनेछ :**

१. केन्द्रीय कमिटीका पदाधिकारीहरूको पदपूर्ति राष्ट्रिय प्रतिनिधि परिषद्ले केन्द्रीय कमिटीका अन्य पदाधिकारी, सदस्य वा राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यमध्येबाट गर्नेछ ।

२. केन्द्रीय आयोगका अध्यक्षको पदपूर्ति राष्ट्रिय प्रतिनिधि परिषद्ले केन्द्रीय आयोगका अन्य पदाधिकारी वा सदस्य वा राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यमध्येबाट गर्नेछ ।

३. स्थानीय कमिटीका पदाधिकारीको पदपूर्ति सम्बन्धित तहको प्रतिनिधि परिषद्ले कमिटीका अन्य पदाधिकारी वा सदस्य वा सम्बन्धित प्रतिनिधि परिषद् सदस्यहरूमध्येबाट गर्नेछ ।

४. स्थानीय कमिटीका पदाधिकारी वा सदस्य कसैले आफ्नो जिम्मेवारी पूरा नगरेको वा अनुशासनहीन काम गरेको वा आर्थिक अनियमितता गरेको वा अनैतिक आचरण गरेको स्पष्ट तथ्य प्राप्त भएमा सम्बन्धित तहका प्रतिनिधि परिषद्हरूले परिषद्को दुई तिहाइ बहुमतबाट किटानी आरोपका साथ सम्बन्धित कमिटीको कुल सदस्य सङ्ख्याको एक कार्यकालमा बढीमा एक तिहाइ सदस्यसम्म फेरबदल गर्न सक्नेछन् । यो व्यवस्था जिल्ला लेखा परीक्षण कमिटी र जिल्ला निर्वाचन कमिटीका हकमा पनि लागू हुनेछ ।

## परिच्छेद–६
# केन्द्रीय सचिवालय र विभाग

२०. **केन्द्रीय सचिवालय :**

क) **विधानको धारा–१४ (घ) २ बमोजिम गठन हुने केन्द्रीय सचिवालयमा निम्नानुसार पदाधिकारी तथा सदस्यहरू रहनेछन् :**

१. महासचिव,
२. उपमहासचिवहरू
३. केन्द्रीय कमिटीका सचिवहरू
४. केन्द्रीय कार्यालय सचिव,
५. केन्द्रीय आर्थिक विभाग प्रमुख

ख) **केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य विधानको धारा–१४ (ठ) मा उल्लिखित व्यवस्थाका अतिरिक्त निम्नानुसार हुनेछन् :**

१. केन्द्रीय कमिटीका सदस्यहरूको कार्यविभाजन, केन्द्रीय कमिटी, राष्ट्रिय प्रतिनिधि परिषद्, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च तथा अञ्चल समन्वय कमिटीमा मनोनयन, केन्द्रीय विभाग, मोर्चा, फाँट, संयन्त्र र स्थानीय कमिटीहरूको गठन–पुनर्गठनलगायत केन्द्रीय तहबाट गरिनुपर्ने सङ्गठनात्मक कामसँग सम्बन्धित प्रस्ताव तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीसमक्ष प्रस्तुत गर्ने,

२. केन्द्रीय निकाय, विभाग, फाँट, मोर्चा, संयन्त्र, स्थानीय कमिटीलगायत समग्र सङ्गठनात्मक कामको अनुगमन गर्ने र यिनीहरूबीच कुनै समस्या वा अन्तरविरोध उत्पन्न भएमा समाधानका लागि पहल गर्ने,

३. केन्द्रीय निकाय, विभाग, फाँट, मोर्चा तथा संयन्त्रका सिफारिसहरू ग्रहण गर्ने र तत्सम्बन्धमा आवश्यक प्रस्ताव तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीसमक्ष प्रस्तुत गर्ने,

४. स्थानीय कमिटीका फैसलाविरुद्धको पुनरावेदन ग्रहण गर्ने, त्यसउपर छानबिन गर्ने र निर्णयार्थ केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीसमक्ष प्रस्ताव प्रस्तुत गर्ने,

५. पार्टीको अञ्चल/राजधानी/सम्पर्क समन्वय कमिटीका नियमित कार्य प्रतिवेदन प्राप्त गर्ने, अभिलेख तयार गर्ने र सोही आधारमा मूल्याङ्कन प्रतिवेदन तयार गर्नका लागि आवश्यकताअनुसार अञ्चल इञ्चार्ज, सहइञ्चार्ज र सचिवहरूको बैठक आयोजना गर्ने ।

६. केन्द्रीय विभागहरूको नियमित कार्य प्रतिवेदन प्राप्त गर्ने, अभिलेख राख्ने र मूल्याङ्कन प्रतिवेदन तयार गर्नका लागि आवश्यकताअनुसार विभागीय प्रमुख, उपप्रमुख र सचिवहरूको बैठकको आयोजना गर्ने ।

७. मोर्चा, पार्टी केन्द्रद्वारा गठित संयन्त्र र प्रवास क्षेत्रहरूको प्रतिवेदन प्राप्त गर्ने, अभिलिखित गर्ने र कार्य मूल्याङ्कन प्रतिवेदन तयार गर्नका लागि आवश्यक भेला/बैठकहरू आयोजना गर्ने ।

ग) **स्थानीय तहका पार्टी सचिवालयको काम, कर्तव्य र अधिकार**

१. सबै स्थानीय तहका कमिटीहरूले विधानको धारा २० (ङ) बमोजिम आफ्नो तहको सचिवालय गठन गर्नेछन् ।

२. सचिवालयले सम्बन्धित कमिटीका दुई बैठकको बीचको अवधिमा राजनीतिक तथा साङ्गठनिक कामहरू गर्नेछन् र तिनको अनुमोदन सम्बन्धित कमिटीको बैठकबाट गराउनुपर्नेछ ।

३. सम्बन्धित कमिटीले विधानको धारा १४ (ठ) को अनुकूल हुने गरी सचिवालयको काम, कर्तव्य र अधिकार तोक्नुपर्नेछ ।

२१. **केन्द्रीय तथा स्थानीय विभागहरू :**

क) **विधानको धारा ५९ (१) बमोजिम केन्द्रीय तहमा पार्टीसम्बद्ध तथा राज्य सञ्चालनसँग सम्बद्ध गरी देहायका विभागहरू रहनेछन् :**

१. अर्थ तथा योजना विभाग
२. आर्थिक विभाग
३. उद्योग तथा वाणिज्य विभाग
४. उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग
५. कृषि तथा भूमिसुधार विभाग
६. जलस्रोत तथा उर्जा विभाग

७. न्याय तथा कानुन विभाग
८. निर्वाचन विभाग
९. पर्यटन प्रबर्द्धन विभाग
१०. प्रचार विभाग
११. पार्टी स्कुल विभाग
१२. पुस्तकालय तथा अभिलेख विभाग
१३. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग
१४. युवा तथा खेलकुद विभाग
१५. राजकीय मामला विभाग
१६. राष्ट्रिय हित सुरक्षा प्रबर्द्धन विभाग
१७. वन तथा वातावरण विभाग
१८. विज्ञान तथा प्रविधि विभाग
१९. वैदेशिक मामला विभाग
२०. सहरी विकास विभाग
२१. शिक्षा तथा मानवस्रोत विभाग
२२. श्रम तथा रोजगार विभाग
२३. सहकारी तथा गरिबी निवारण विभाग
२४. सङ्गठन विभाग
२५. सङ्घीय मामला विभाग
२६. संविधानसभा/संसदीय विभाग
२७. संस्कृति विभाग
२८. सामाजिक सेवा विभाग
२९. सामान्य प्रशासन विभाग
३०. स्थानीय विकास विभाग
३१. स्वास्थ्य तथा जनसङ्ख्या विभाग

ख) **विधानको धारा–५९ (१) बमोजिम अञ्चल, जिल्ला, निर्वाचनक्षेत्र र एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लामा इलाकास्तरमा समेत आवश्यकताअनुसार देहायका विभागहरू रहनेछन् :**

१. आर्थिक विभाग
२. निर्वाचन विभाग
३. पार्टी स्कुल विभाग

४. प्रचार विभाग
५. सहकारी तथा गरिबी निवारण विभाग
६. सङ्गठन विभाग
७. स्थानीय विकास विभाग

**स्पष्टीकरण** : माथि तोकिएकोभन्दा थप विभाग गठन गर्नुपर्ने भएमा माथिल्लो कमिटीको अनुमति लिएर गठन गर्न सकिनेछ ।

ग) केन्द्रीय सङ्गठन विभागमा केन्द्रीय कमिटीका सदस्यहरु मात्र रहनेछन् । स्थानीय तहका सङ्गठन विभागमा पनि सम्बन्धित पार्टी कमिटीका सदस्यहरु मात्रै रहनेछन् । केन्द्रीय विभागमा पदाधिकारीसहित बढीमा २५ जना र स्थानीय तहमा पदाधिकारीसहित बढीमा ११ जना सदस्य रहनेछन् । विभागका पदाधिकारी तथा सदस्यले अनुसूची-९ बमोजिमको फाराम भर्नुपर्नेछ ।

घ) विभागले सदस्यहरूमध्येबाट सचिव निर्वाचित गर्नेछन् ।

ङ) विभाग गठन गर्ने कमिटी विघटित भएमा विभागको अवधि पनि स्वतः समाप्त भएको मानिनेछ ।

च) विभागहरूले मातहत कमिटी र निकायहरूलाई सीधा निर्देशन दिने वा परिचालित गर्ने छैनन् । मातहत कमिटी वा निकायहरूसँग पत्राचार गर्नुपरेमा सम्बन्धित तहको पार्टी कमिटी वा सचिवालयमार्फत गर्नेछन् ।

छ) विभागले आफ्नो काम प्रभावकारी ढङ्गले सम्पादन गर्न आवश्यकताअनुसार विज्ञ/विशेषज्ञहरूको शाखा वा 'डेस्क' गठन गर्न सक्नेछ ।

ज) केन्द्रीय विभागको बैठक सामान्यतया ३ महिनामा बस्नेछ ।

झ) केन्द्रीय तथा स्थानीय तहका विभागहरू समावेशी तथा सहभागिताको आधारमा गठन हुनेछन् ।

## २२. विभागका अधिकार र कर्तव्य :

विभागहरूले सम्बन्धित पार्टी कमिटीको अङ्गका रूपमा रही नीति एवम् योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्नेछन् । उनीहरू सम्बन्धित

पार्टी कमिटीप्रति उत्तरदायी हुनेछन् र आफ्नो कामका योजना र प्रतिवेदन आफूसँग सम्बन्धित पार्टी कमिटीमा पेस गर्नेछन् । विभागका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् ः

**क) अर्थ तथा योजना विभाग :**

१. देशको आर्थिक अवस्थाको यथार्थपरक समीक्षा तथा अन्तर्राष्ट्रिय आर्थिक प्रवृत्ति एवम् मुलुकमा तिनको प्रभावको अध्ययन गर्ने,

२. पार्टीले आर्थिक विकासको क्षेत्रमा समष्टिगत तथा क्षेत्रगतरूपमा अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमहरूबारे अध्ययन तथा विश्लेषण गरी सामग्री तयार गर्ने,

३. आर्थिक विकास र समृद्धिका स्रोतहरूको पहिचान गर्ने ।

४. पार्टी सरकारमा रहेको वा नरहेको अवस्थामा सरकारको नीति तथा कार्यक्रम, बजेट एवम् प्रतिबद्धता र तिनको कार्यान्वयनको समीक्षा गर्ने,

५. सार्वजनिक संस्थानहरूका सम्बन्धमा लिनुपर्ने धारणाका सम्बन्धमा नीति मस्यौदा तर्जुमा गरी पार्टीमा प्रस्ताव गर्ने । सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमको मूल्याङ्कन र यससम्बन्धी नीति प्रस्ताव तयार गरी पार्टीसमक्ष प्रस्तुत गर्ने ।

६. नेपालले लिइरहेको वैदेशिक सहायताको प्रभाव मूल्याङ्कन गरी दृष्टिकोण तयार गर्ने ।

७. अर्थ र योजनासँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र आर्थिक विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

८. नेपालले अवलम्बन गरिरहेको मौद्रिक, बैङ्किङ तथा वित्तीय नीति एवम् पुँजी बजारको प्रभावकारिताको मूल्याङ्कन गरी जनताको पहुँच बढाउन चाल्नुपर्ने कदमबारे नीति निर्माण गरी पार्टीमा प्रस्तुत गर्ने ।

९. सरकारका अर्थ तथा योजनासँग सम्बन्धित महत्वपूर्ण एवम् दूरगामी प्रकृतिका निर्णयको सम्बन्धमा जानकारी लिने, तथ्य

सङ्कलन गर्ने एवम् त्यस सम्बन्धमा पार्टी दृष्टिकोण निर्माण गर्न सम्बन्धित कमिटीलाई सहयोग गर्ने,

१०. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ख) आर्थिक विभाग :**

१. पार्टीको आर्थिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

२. पार्टीको आर्थिक अवस्था सुदृढ गर्न कार्ययोजना तयार गरी केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने,

३. पार्टीको कोषलाई पार्टी नीतिअनुरूप मितव्ययी ढङ्गले परिचालन गर्ने,

४. पार्टीको हितमा अधिकतम आयस्रोत परिचालन गर्न प्रस्ताव गर्ने,

५. वार्षिकरूपमा बजेट अनुमानित (आय-व्यय) तयार गरी प्रस्तुत गर्ने,

६. सम्बन्धित कमिटीको आय-व्यय नियमितरूपमा बैङ्किङ कारोबारमार्फत गर्ने,

७. पार्टी केन्द्रीय लेखा परीक्षण आयोगले तोकेको ढाँचाअन्तगत लेखा राख्ने र आन्तरिक लेखा परीक्षण गराउने । लेखा परीक्षणबाट देखिएका बेरुजुहरू र अन्य कैफियत फछ्र्यौट गर्न लगाउने,

८. पार्टीको आर्थिक विनियमले तोकेका कामहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने । विनियम संशोधन गर्नुपरेमा केन्द्रीय लेखा परीक्षण आयोगसँगको परामर्शमा प्रस्ताव तयार पारी केन्द्रीय कमिटीसमक्ष प्रस्ताव पेस गर्ने,

९. विभाग प्रमुखले दैनिक आर्थिक कार्य सम्पादन गर्ने । उक्त कार्य प्रमुखको अनुपस्थितिमा विभागले तोकेको व्यक्तिले गर्ने,

१०. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ग) उद्योग तथा वाणिज्य विभाग :**

१. मुलुकको औद्योगिक अवस्था तथा वाणिज्य क्षेत्रको अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

२. उद्योग-व्यवसाय तथा वाणिज्यका क्षेत्रमा रहेका समस्या र समाधानका उपायबारेमा अध्ययन गरी सुझाव पेस गर्ने,

३. उद्योगपति र व्यवसायीहरूका समस्याहरूमा केन्द्रित भएर गोष्ठी तथा छलफल कार्यक्रम सञ्चालन गर्ने,

४. उद्योग तथा वाणिज्यसँग सम्बन्धित पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने ।

५. मुलुकको औद्योगीकरणको वर्तमान अवस्था अध्ययन गरी तीव्र औद्योगीकरणका लागि आवश्यक पर्ने नीतिबारे सुझाव प्रस्तुत गर्ने ।

६. उद्योग र वाणिज्यसँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र मुलुकको औद्योगीकरणका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

७. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**घ) उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग**

१. उपभोक्ता हित संरक्षणका उद्देश्य र लक्ष्य स्पष्ट पार्ने,

२. उपभोक्ता हितलाई समयानुकूल विकास गर्न विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव लिने,

३. उपभोक्ता हित संरक्षणका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

४. उपभोक्ता हित संरक्षणका क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने,

५. उपभोक्ताको हित प्रतिकूल हुने गरी भइरहेका वस्तु र सेवाको प्रवाह या उपभोक्ता हितविपरीतका क्रियाकलापविरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।

६. यस्ता क्रियाकलापविरुद्ध कानुनी प्रतिवाद र आवश्यकताअनुसार जनदबाब सिर्जना गर्न सम्बन्धित कमिटीसमक्ष सुझाव प्रस्तुत गर्ने ।

७. उपभोक्ता हित र सुशासनसँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र उपभोक्ता हित तथा सुशासनको क्षेत्रमा उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

८. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

ङ) **कृषि तथा भूमिसुधार विभाग :**

१. कृषि क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने,

२. कृषिको व्यावसायीकरण, आधुनिकीकरण एवम् कृषि उत्पादन वृद्धि गर्न र कृषकहरूले भोगिरहेका समस्याहरूको समाधान सम्बन्धमा नीति तथा योजना बनाई प्रस्तुत गर्ने,

३. वैज्ञानिक भूमिसुधार, भू-उपयोग, भू-स्वामित्व एवम् भूमि-अधिकारसम्बन्धी नीति तथा भूमिसँग सम्बन्धित समस्याहरूको समाधानका उपायहरूसहितको सुझाव प्रतिवेदन पेस गर्ने,

४. कृषिसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी अभिलेख राख्ने र तिनीहरूको सञ्चालनसम्बन्धी नीति प्रस्ताव गर्ने,

५. किसानहरूलाई पार्टी नीतिअनुरूप प्रभावकारीरूपमा परिचालन गर्नका लागि कार्ययोजना पेस गर्ने,

६. कृषि तथा भूमिसुधारसँग सम्बन्धित विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र कृषि तथा भूमिसुधारका क्षेत्रका उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

७. कृषि तथा भूमिसुधारसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने,

८. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**च) जलस्रोत तथा ऊर्जा विभाग :**

१. जलस्रोत एवम् ऊर्जाका सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने,

२. मुलुकको जलस्रोत तथा ऊर्जाको अवस्था र त्यस क्षेत्रका समस्या एवम् समाधानका उपायबारे अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

३. जलस्रोत तथा ऊर्जासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने,

४. जलस्रोत तथा ऊर्जा क्षेत्रका विज्ञहरूको अभिलेख राख्ने तथा जलस्रोत र ऊर्जाको विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

५. ऊर्जा सङ्कट समाधान गर्न चाल्नुपर्ने कदमबारे अध्ययन गरी रायसुझाव प्रस्तुत गर्ने ।

६. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**छ) न्याय तथा कानुन विभाग**

१. देशको संविधान, ऐन-कानुन र नियमहरूको अध्ययन गरी तिनको कार्यान्वयनको स्थिति तथा सुधार एवम् परिमार्जनका सम्बन्धमा सुझाव दिने,

२. सम्बन्धित पार्टी कमिटीलाई आवश्यक कानुनी परामर्श दिने र कानुनसम्बन्धी सामग्रीहरू तयार पार्ने,

३. पार्टीसित सम्बन्धित र पार्टीले तोकेका मुद्दा-मामिलाहरूको सन्दर्भमा आवश्यक सहयोग गर्ने,

४. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका कानुनी विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल वा विचार विमर्श गरी प्राप्त निष्कर्षहरू पेस गर्ने,

५. कानुन र न्याय क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूसँग सम्बन्ध कायम गर्ने,

६. कानुन र न्याय क्षेत्रसँग सम्बन्धित विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र कानुनी राज्यको विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

७. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ज) निर्वाचन विभाग**

१. संसदीय र स्थानीय निर्वाचनसित सम्बन्धित संवैधानिक तथा सरकारी निकायहरूसँग सम्पर्क र समन्वय गर्ने,

२. निर्वाचन क्षेत्रको परिवर्तनका बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

३. निर्वाचन प्रणालीमा गर्नुपर्ने कानुनी, संरचनात्मक तथा व्यावहारिक सुधारका बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

४. स्थानीय तथा संसदीय निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूका लागि मापदण्ड तयार गरी सुझाव पेस गर्ने,

५. निर्वाचनहरूबाट प्राप्त अनुभवका आधारमा निर्वाचनमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन सुझाव पेस गर्ने,

६. निर्वाचनसम्बन्धी विज्ञ, ज्ञाता र विशेषज्ञहरूको अभिलेख राख्ने । निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउने सम्बन्धमा उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

७. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**झ) पर्यटन प्रबर्द्धन विभाग**

१. पर्यटन क्षेत्रको समग्र अवस्थाको अभिलेख राख्ने ।

२. पर्यटन क्षेत्रसँग सम्बधित मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

३. पर्यटन क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने । यससम्बन्धी नीति तयार गर्न आवश्यक कार्यक्रम आयोजना गर्ने ।

४. पर्यटन क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

५. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय साधन स्रोत परिचालनका उपायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. पर्यटन क्षेत्रलाई राष्ट्रिय विकासको समग्र धारणाअनुरूप अगाडि बढाउन र जनसहभागिता जुटाउनका लागि पार्टी पङ्क्तिलाई परिचालित गर्न एवम् पर्यटन क्षेत्रमा पार्टीलाई स्थापित गराउन योजना पेस गर्ने,

७. पर्यटन क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने । पर्यटनको विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

८. पर्यटन क्षेत्रसम्बन्धी पार्टी नीति र योजनालाई जनसमक्ष पुऱ्याउन आवश्यक सामग्री तयार गर्ने,

९. कमिटीले तोकेको अन्य काम गर्ने ।

**ञ) प्रचार विभाग**

१. पार्टीका सिद्धान्त, नीति, कार्यक्रम र निर्णयहरू जनतामा स्थापित गर्न तिनको व्यापक प्रचार-प्रसार गर्ने । पार्टीको पक्षमा जनमत सिर्जना गर्ने ।

२. पार्टीको मुखपत्र, राजनीतिक पत्रिका र अन्य सामग्री प्रकाशित गर्ने,

२. पार्टीको आवश्यकतानुसार प्रचार सामग्रीहरू तयार गर्ने,

४. पार्टीको संचारसम्बन्धी नीति तयार गरी प्रस्तावित गर्ने । सरकार तथा राज्यसम्बद्ध निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्न पार्टीसमक्ष प्रस्तावित गर्ने,

५. संचार माध्यमहरूलाई पार्टीको पक्षमा परिचालित गर्ने । सञ्चारकर्मीहरूबीच पार्टीको भूमिकालाई प्रभावकारी बनाउन योजना बनाई पेस गर्ने,

६. पत्रकार सम्मेलन, भेटघाट र अन्तरक्रिया गर्ने,

७. पार्टी पक्षधर, योग्य र सक्षम सञ्चारकर्मी तयार गर्ने,

८. स्वदेशी तथा विदेशी सञ्चार माध्यम र संस्थाहरूसँग नियमित सम्बन्ध-सम्पर्क कायम गर्ने,

९. सम्बन्धित विषयमा गोष्ठी, छलफल र अन्तरक्रियाहरु आयोजना गर्ने ।

१०. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ट) पार्टी स्कुल विभाग :**

१. पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिअनुरुप आफ्नो तहमा नियमित वा आवधिक पार्टी स्कुल सञ्चालन गर्ने र त्यसका निम्ति कार्ययोजना तयार गरी लागू गर्ने,

२. पार्टीका सम्पूर्ण सदस्यहरूको सैद्धान्तिक वैचारिक स्तर उठाउन आवश्यक योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने,

३. पार्टी स्कुलको निम्ति आवश्यक प्रशिक्षक तथा विशेषज्ञहरू तयार गर्ने,

४. विभिन्न स्तरका पाठ्य विषय प्रस्ताव गर्ने, पाठ्यक्रम तयार गर्ने, तदनुसार पाठ्यसामग्री तयार गर्ने र प्रकाशित गर्ने,

५. आफूले सञ्चालन गरेका प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रशिक्षार्थीहरूको परीक्षा लिने तथा प्रमाणपत्र दिने र तिनीहरूको अभिलेख राख्ने,

६. स्वदेश तथा विदेशका पार्टी स्कुलहरूसँग अनुभवको आदान-प्रदान गर्ने,

७. पार्टीमा एकीकृत भएका वा नयाँ प्रवेश गरेका सदस्यहरूलाई विशेष प्रशिक्षणको व्यवस्था गर्ने,

८. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ठ) पुस्तकालय तथा अभिलेख विभाग**

१. पार्टी केन्द्रीय कार्यालयको पुस्तकालयलाई आधुनिक तथा वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने ।

२. पुस्तकालयमा उपलब्ध पुस्तक र बुलेटिन तथा पत्रपत्रिकालाई स्तरअनुरूप वर्गीकरण गरी सूचीकृत गर्ने ।

३. राजनीति, इतिहास, विज्ञान तथा प्रविधिसँग सम्बन्धित प्रकाशित नवीनतम् पुस्तक तथा बुलेटिनहरू सङ्कलन गर्ने ।

४. नेपाली तथा विश्व कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित पुस्तक तथा अभिलेखहरू सङ्ग्रह गर्ने । पार्टी स्थापनाकालदेखिका पार्टीद्वारा प्रकाशित दस्तावेजहरू, अभिलेख र पुस्तकहरूको सङ्कलन र संरक्षण गर्ने ।

५. पार्टीका सङ्गठनात्मक अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने,

६. सार्वजनिक गर्न योग्य पार्टीका सङ्गठनात्मक अभिलेख सार्वजनिक गर्ने ।

७. पार्टी स्कुल विभागले निर्धारण गरेका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको सङ्ग्रह गर्ने ।

८. अन्तर्वार्ता, संवाद र कुराकानीका माध्यमबाट कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनका अग्रज व्यक्तित्वहरूसँगको अनुभव तथा आन्दोलनको इतिहासको श्रव्य-दृष्य अभिलेख राख्ने ।

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ड) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग**

१. भौतिक पूर्वाधार तथा यातायातको विकासका निर्माणका लागि मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा सुझाव दिने,

२. भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

३. राष्ट्रिय विकास एवम् मुलुकको आर्थिक सामाजिक रूपान्तरणका दृष्टिले महत्वपूर्ण रहेको सडक, रेलवेलगायत पूर्वाधार विकासका निम्ति पार्टीका तर्फबाट क्षेत्रगत एवम् विषयगत नीतिहरू तयार पार्ने ।

४. यसका लागि राज्यका सम्बन्धित निकायसँग समन्वय गर्ने । यस सम्बन्धमा आवश्यक योजनाहरू बनाई पेस गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने । भौतिक पूर्वाधार र यातायात विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

६. पूर्वाधारको विकास र यातायातसँग सम्बन्धित नवीन प्रविधि र प्रयोगको अध्ययन गरी मुलुक सुहाउँदो प्रविधि प्रवर्द्धन गर्न सुझाव प्रस्तुत गर्ने ।

७. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ढ) युवा तथा खेलकुद विभाग**

१. युवा शक्तिको समग्र अवस्थाको अभिलेख तयार गर्ने ।

२. युवाहरूका बारेमा मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

३. युवाहरूका समस्या र सरोकारहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

४. युवा शक्तिलाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी सुझाव पेस गर्ने,

४. मुलुकमा सञ्चालित खेलकुद र विकासको सम्भाव्यताबारे प्रतिवेदन तयार गर्ने ।

५. खेलकुदको विकासका निम्ति साधनस्रोत परिचालनका उपायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. खेलकुदलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन योजना बनाई पेस गर्ने,

७. बेरोजगार युवाहरूलाई उत्पादन कार्यमा सहभागी गराउन कार्ययोजना बनाई पार्टीमा पेस गर्ने ।

८. युवा जगत्का बीचमा पार्टीलाई स्थापित गराउने योजना पेस गर्ने,

९. युवा र खेलकुद क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने । युवा र खेलकुद क्षेत्रको विकासका लागि उनीहरूको अधिकतम सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

१०. कमिटीले तोकेका अन्य काम गर्ने ।

**ण) राजकीय मामला विभाग**

१. मन्त्रिपरिषद् तथा संवैधानिक अङ्गबाट भएका काम-कारबाहीहरूको जानकारी राख्ने ।

२. पार्टीको तर्फबाट मन्त्रिपरिषद्, संवैधानिक निकाय वा सरकारको माथिल्लो तहमा गरिने राजनीतिक र प्रशासनिक नियुक्तिका सम्बन्धमा मापदण्ड तय गरी पेस गर्ने ।

३. राजनीतिक र प्रशासनिक क्षेत्रमा नियुक्तिका लागि योग्य व्यक्तिहरूको विवरण (रोस्टर) तयार गर्ने । नियुक्तिका लागि पार्टी कमिटीमा नाम सिफारिस गर्ने । यस काममा सम्बन्धित विभागसँग समन्वय गर्ने ।

४. राजनीतिक र प्रशासनिक नियुक्ति गरिएका व्यक्तिहरूको विवरण राख्ने ।

५. राजकीय मामलासँग सम्बन्धित पदाधिकारीहरू तथा विज्ञहरूको अभिलेख राखी देशको हितमा उनीहरूको सहयोग लिने वातावरण निर्माण गर्ने ।

६. मुलुकले निर्माण गर्ने बृहत् परियोजना (मेगा प्रोजेक्ट)हरू, आयोजना विकास सम्झौता या सार्वजनिक संस्थानहरूका बारेमा लिनुपर्ने नीतिबारे पार्टी कमिटीमा सुझाव प्रस्तुत गर्ने ।

७. राजकीय मामलासँग सम्बन्धित समस्या र समाधानका उपायहरूको बारेमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

८. राजकीय मामलासँग सम्बन्धित काममा अन्य विभागहरूसँग समन्वय गर्ने ।

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**त) राष्ट्रिय हित सुरक्षा प्रवर्द्धन विभाग**

१. राष्ट्रिय सुरक्षासम्बन्धी उद्देश्य र लक्ष्य प्रस्ट पार्ने,

२. राष्ट्रिय सुरक्षालाई समयानुकूल विकास गर्न विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

३. राष्ट्रिय सुरक्षाका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

४. राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्ने विषय या क्रियाकलापका बारेमा अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

५. राष्ट्रिय सुरक्षा विज्ञहरूको सूची तयार गर्ने । राष्ट्रिय सुरक्षाका क्षेत्रमा उनीहरूको अधिकतम सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

६. पार्टी कमिटीले तोकेको अन्य काम गर्ने ।

**थ) वन तथा वातावरण विभाग :**

१. मुलुकको जङ्गल, जैविक विविधता तथा खनिज पदार्थको अवस्था र त्यस क्षेत्रका समस्या एवम् समाधानका उपायबारे अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

२. जङ्गल, जैविक विविधता तथा खनिज पदार्थका सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने,

३. जङ्गल, जैविक विविधता तथा खनिज पदार्थका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ-संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने ।

४. वन तथा वातावरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने,

५. जङ्गल, जैविक विविधता तथा खनिज पदार्थको क्षेत्रमा कार्यरत व्यक्ति संस्था र विज्ञ विशेषज्ञहरूसँग सम्पर्क राखी अन्तर्क्रिया, गोष्ठी, छलफल गर्ने र उनीहरूलाई पार्टीको हितमा परिचालन गर्ने,

६. औद्योगिकीकरण गर्दा र ठूला आयोजना निर्माण गर्दा वातावरणमा पुग्न जाने क्षति नियन्त्रण गर्न लिनुपर्ने नीतिहरूका सम्बन्धमा पार्टीलाई सुझाव दिने,

७. वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको अध्ययन गरी सुझाव दिने,

८. वातावरणलाई प्रतिकूल असर पार्ने प्लास्टिकजन्य वस्तुहरूको उत्पादन तथा उपभोग, औद्योगिक प्रदूषण र हानिकारक रासायनिक फोहरको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक नीति तयार गरी कार्यान्वयन गर्न पार्टीमा प्रस्ताव गर्ने ।

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

द) **विज्ञान तथा प्रविधि विभाग :**

१. विज्ञान तथा प्रविधिको विकासका लागि पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

२. विज्ञान र प्रविधि क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीलाई राय दिने ।

३. विज्ञान र प्रविधिको विकासका माध्यमबाट उत्पादकत्व वृद्धि, श्रमको सरलीकरण तथा परम्परागत प्रविधि तथा सीपहरूको आधुनिकीकरणका लागि अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने ।

४. विज्ञान तथा प्रविधिसम्बन्धी विषयविज्ञहरूको अभिलेख कायम गर्ने । विज्ञान र प्रविधिको विकासमा उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

५. विज्ञान तथा प्रविधिबारेमा मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. विज्ञान तथा प्रविधिसम्बन्धी भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

७. वैज्ञानिक अध्ययन, अन्वेषण र अनुसन्धानमा उल्लेख्य सफलता प्राप्त गर्ने प्रतिभाहरूलाई राज्य र पार्टीको तर्फबाट प्रोत्साहित गर्न सुझाव दिने ।

८. कमिटीले तोकेका अन्य काम गर्ने ।

ध) **वैदेशिक मामिला विभाग :**

१. पार्टीको विदेश नीतिका सम्बन्धमा केन्द्रीय कमिटीमा सुझाव प्रस्तुत गर्ने,

२. विभिन्न मुलुकका कम्युनिस्ट, समाजवादी, वामपन्थी, श्रमिक तथा अन्य पार्टीको बारेमा जानकारी लिने, अभिलेख राख्ने र तिनीहरूसँग सम्बन्ध कायम तथा विकास गर्न पहल गर्ने । तिनीहरूसँग प्रकाशन, अनुभव र विचारको आदान-प्रदान गर्ने ।

३. विश्वमा घटेका महत्वपूर्ण राजनीतिक घटनाहरूका बारेमा अध्ययन गरी सुझाव पेस गर्ने,

४. विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा पार्टीको सहभागिताका लागि नाम सिफारिस गर्ने र त्यस्तो भ्रमणलाई पार्टीको हितमा अधिकतम उपयोगी बनाउन प्रयत्न गर्ने । विदेश भ्रमणमा जानेहरूबाट लिखित प्रतिवेदन प्राप्त गर्ने र निजहरूको अभिलेख राख्ने,

५. सरकारको विदेश नीतिको बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

६. पार्टीको अङ्ग्रेजी पत्रिका New Era को सम्पादन तथा प्रकाशन गर्ने ।

७. पार्टीका दस्तावेज तथा प्रकाशनहरू र हाम्रो देश तथा पार्टीका बारेमा जानकारी गराउने सामग्रीहरू आवश्यकताअनुसार विदेशी भाषामा अनुवाद गरेर वा लेखेर प्रकाशित गर्ने,

८. पार्टी केन्द्रीय कमिटीले तोकेका अन्य काम गर्ने ।

**न) शिक्षा तथा मानवस्रोत विभाग :**

१. वैज्ञानिक तथा जनवादी शिक्षा नीतिको विकासका निम्ति वर्तमान शैक्षिक स्थिति र शिक्षा नीतिको समग्र अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

२. शैक्षिक प्रतिष्ठानहरूको तथ्य-विवरण राख्ी सम्बन्धित क्षेत्रका समस्याहरूको अध्ययन प्रतिवेदन पेस गर्ने,

३. वर्तमान शिक्षा प्रणालीका गुण-दोषका बारेमा अध्ययन गरी सुझाव पेस गर्ने,

४. शैक्षिक क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यकतानुसार गोष्ठी र छलफल कार्यक्रमहरू आयोजना गर्ने,

५. मुलुकलाई आवश्यक शैक्षिक जनशक्ति निर्माण गर्न नीति तथा योजना बनाई पेस गर्ने,

६. शिक्षामा निजी क्षेत्रको लगानी र सबैका लागि शिक्षाका बीचमा सन्तुलन कायम गर्ने सम्बन्धमा नीतिगत सुझाव दिने,

७. मुलुकमा सञ्चालित विश्वविद्यालयहरू र नयाँ खोलिने विश्वविद्यालयहरूसम्बन्धी लिनुपर्ने नीतिका बारेमा आवश्यक अध्ययन गरी राय सुझाव पेस गर्ने,

८. मुलुकलाई आवश्यक प्राविधिक जनशक्ति उत्पादनका निम्ति लिनुपर्ने प्राविधिक शिक्षासम्बन्धी नीति निर्माणमा सुझाव दिने,

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**प) सङ्गठन विभाग**

१. पार्टी सदस्यहरूको अभिलेख राख्ने र प्रमाणित गर्ने, पार्टी सदस्यहरूको स्थानान्तरण गर्ने ।

२. पार्टी सदस्य, र विभिन्न तहका कमिटी सदस्यहरूको वर्गीय, जातीय, भाषिक, लैङ्गीक र क्षेत्रीय प्रतिनिधित्वको तुलनात्मक अभिलेख तयार गर्ने र नियमितरूपमा अद्यावधिक गर्ने,

३. पार्टीको समग्र सङ्गठनात्मक अभिलेख राख्ने र नियमितरूपमा अद्यावधिक गर्ने । सङ्गठनात्मक कामको अनुगमन गर्ने ।

४. पार्टीको सङ्गठनात्मक जीवनसँग सम्बन्धित अनुभव, समस्या तथा सम्भावनाहरूको सम्बन्धमा अध्ययन र छलफल गरी त्यसबाट प्राप्त निष्कर्षहरू एवं पार्टीले लिनुपर्ने सङ्गठनात्मक नीतिका सम्बन्धमा पार्टीसमक्ष प्रस्ताव प्रस्तुत गर्ने,

५. पार्टी विधान तथा नियमावलीको व्याख्या तथा प्रयोगमा बाधा अड्काउ उत्पन्न भएमा त्यस्ता बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीसमक्ष प्रस्ताव प्रस्तुत गर्ने,

६. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकमा प्रस्तुत गरिने विधान संशोधन सम्बन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । पार्टीको नियमावली, निर्देशिका र विनियम निर्माण/संशोधन सम्बन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने,

७. पार्टीको राष्ट्रिय महाधिवेशनद्वारा पारित सङ्गठनसम्बन्धी नीति कार्यान्वयन गर्न केन्द्रीय कमिटीसमक्ष सुझाव प्रस्तुत गर्ने,

८. स्थानीय पार्टी कमिटीहरू र विभागहरूमा निर्वाचित वा मनोनीत पदाधिकारी र सदस्यहरूको योग्यता र मापदण्ड विधान र नियमावलीअनुसार भए-नभएको छानबिन गरी आवश्यक निर्णयका लागि कन्द्रीय कमिटीमा प्रस्ताव पेस गर्ने ।

९. राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव, विधान नियमावलीअनुसार पार्टी निर्माण र परिचालनसम्बन्धी गोष्ठी, तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

१०. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**फ) सहरी विकास विभाग**

१. सहरी विकासको अवधारणा, उद्देश्य र लक्ष्य प्रस्ट पार्ने ।

२. अव्यवस्थित सहरलाई समयानुकूल विकास गर्न विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

३. सहरी विकासका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

४. सहरी विकास क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने,

५. सहरी विकासका लागि स्थानीय साधनस्रोत परिचालनका उपयायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. सडक, विद्युत्, दूरसञ्चार, पर्यटन, खानेपानी र सहरी विकासजस्ता पूर्वाधार विकासका निम्ति पार्टीका तर्फबाट क्षेत्रगत एवम् विषयगत नीतिहरू तयार पार्ने र राज्यका सम्बन्धित निकायसँग समन्वय गर्ने सम्बन्धमा आवश्यक योजनाहरू बनाई पेस गर्ने,

७. सहरी विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने । उनीहरूबाट सहरी विकासको काममा सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

८. अव्यवस्थित बसाइसराइँ, वस्तीहरूको अत्यधिक चाप र पूर्वाधारको अवस्थालाई ध्यानमा राखेर नेपालको सहरी संरचनासम्बन्धी नीति तयार गर्ने,

९. कमिटीले तोकेका अन्य काम गर्ने ।

**ब) सहकारी तथा गरिबी निवारण विभाग**

१. पार्टीको सहकारी तथा गरिबी निवारणसम्बन्धी नीति, प्रस्ताव तथा योजनाहरू तयार गरी पेस गर्ने,

२. देशमा रहेका सहकारी संस्था र तिनका गतिविधिका तथ्य विवरण सङ्कलन र तिनीहरूको जनमुखी एवम् प्रभावकारी सञ्चालनसम्बन्धी योजना तयार गरी पेस गर्ने,

३. सरकारको सहकारी नीति तथा गरिबी निवारण कार्यक्रमका बारेमा अध्ययन गरी जानकारी गराउने,

४. सहकारी तथा गरिबी निवारणसम्बन्धी गोष्ठी र छलफल कार्यक्रमको आयोजना गर्ने,

५. सहकारीको विकास र प्रवर्द्धन गरी सामाजिक परिवर्तनको अभियानलाई ठोस सहयोग पुऱ्याउन योजना बनाउने,

६. पार्टी पङ्क्तिलाई सहकारी अभियानमा संलग्न एवम् सक्रिय बनाउन तालिम तथा प्रशिक्षणको आयोजना गर्ने र सहकारीसम्बन्धी प्रकाशन तथा प्रचार गर्ने,

७. यससम्बन्धी विज्ञ र विशेषज्ञहरूको अभिलेख राख्ने । सहकारी आन्दोलन र गरिबी निवारण अभियानमा उनीहरूको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

८. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**भ) श्रम तथा रोजगार विभाग**

१. मुलुकको वर्तमान श्रम स्थिति, श्रम सम्बन्ध र रोजगारीको समग्र अवस्थाको प्रतिवेदन तयार गर्ने ।

२. श्रम सम्बन्धसँग सम्बन्धित विद्यमान नियम, कानुन र संरचनाहरूका सम्बन्धमा अध्ययन गरी समयानुकूल परिमार्जन गर्नुपर्ने विषयमा सुझाव दिने ।

३. श्रम र रोजगारीसम्बन्धी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेश गर्ने ।

४. श्रम क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

५. श्रम सम्बन्धसँग सम्बन्धित विषयहरूमा गोष्ठी आयोजना गर्ने ।

६. रोजगारीका क्षेत्रहरूको पहिचान गर्ने । रोजगारी वृद्धिका उपायहरू बारे सुझाव प्रस्तुत गर्ने ।

७. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरक्षित र परिणाममुखी बनाउन गर्नुपर्ने कामबारे नीतिगत सुझाव प्रस्तुत गर्ने । श्रम शक्तिको आपूर्तिको नाममा भइरहेका मानव तस्करी, महिला बेचविखन र यौन हिंसाका बारेमा अध्ययन गरी प्रतिवेदन दिने ।

८. परिवर्तित अवस्थामा ट्रेड युनियन आन्दोलनका अभिभारा र समस्याहरूका बारेमा सुझाव दिने ।

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**म) सङ्घीय मामला विभाग**

१. सङ्घीयताको सिद्धान्त, आवश्यकता र महत्वका बारेमा पार्टी पङ्क्तिलाई प्रशिक्षित गर्ने

२. सङ्घीयतासम्बन्धी पार्टी दृष्टिकोण स्पष्ट पार्न अध्ययन सामग्री तयार गर्ने ।

३. प्रदेशहरूको सीमाङ्कन र नामाङ्कनलगायत विषयमा विज्ञहरूको परामर्श लिई पार्टीलाई सुझाव दिने ।

४. स्थानीय सरकार र निकायहरूको पुनःसंरचनाका बारेमा अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

५. सङ्घ, प्रदेश र स्थानीय सरकारहरूको सञ्चालन, सहयोग र सम्बन्धलाई सुमधुर बनाउन चाल्नुपर्ने कदमहरूबारे पार्टीलाई सुझाव दिने । दिगो तथा प्रतिस्पर्धात्मक विकासका लागि प्रत्येक तहको अधिकार सूची र साझा सूचीका बारेमा अध्ययन गरी लिनुपर्ने नीति तयार गर्न पार्टीलाई सहयोग गर्ने ।

६. राज्य तथा राजनीतिक दलहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, लोपोन्मुख एवम् अल्पसङ्ख्यक जाति एवम् समुदाय, दुर्गम र पिछडिएको क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने र नेतृत्व विकास गर्ने सम्बन्धमा उपयुक्त नीति निर्माण गर्न सुझाव प्रस्तुत गर्ने,

७. समावेशीकरणसम्बन्धी राज्यका संविधान, ऐन कानुन र तिनको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन गरी सुझाव दिने,

८. प्रदेश तथा स्थानीय तहको दिगोपनाका समग्र पक्षको अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

९. पार्टीले तोकेका अन्य काम गर्ने ।

**य) संविधानसभा/संसदीय विभाग**

१. संविधानसभा-संसदीय दललाई पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिअनुरूप सञ्चालन गर्न सहयोग पुऱ्याउने,

२. दलका नेताको परामर्शमा दलका सदस्यहरूलाई संविधानसभा र व्यवस्थापिका-संसद्का समिति तथा कार्यदलहरूमा मनोनयनका लागि सिफारिस गर्ने,

३. दलको नेताको परामर्शमा दलका सदस्यहरूलाई विभिन्न विदेशी प्रतिनिधि मण्डल तथा कार्यक्रमहरूमा सहभागी गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

४. दल, बोर्ड र समूहका सदस्यहरूलाई पार्टीको नीति, योजना र उद्देश्यअनुरूप परिचालन गर्न प्रस्ताव प्रस्तुत गर्ने, यसको नियमित अनुगमन गर्ने,

५. दलको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक योजना निर्माण गर्ने, आवश्यकता अनुसार विज्ञ/विशेषज्ञहरूको सहयोग लिने र दलका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने,

६. दलका सभासद-सांसदहरूको अभिलेख राख्ने । दलको कुनै सदस्यलाई अनुशासनात्मक कारबाही गर्नुपरेमा केन्द्रीय कमिटीसमक्ष सिफारिस गर्ने,

७. दलको विधान संशोधनका लागि लिखित प्रस्ताव तयार गर्ने र दलद्वारा पारित विधान अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । दलको विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीमा सुझाव प्रस्तुत गर्ने,

८. दलको काम र भूमिकाको सम्बन्धमा आवधिक रूपमा समीक्षा प्रतिवेदन तयार गरी केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । संविधानसभा-व्यवस्थापिका-संसद्मा दलले निर्वाह गरेको भूमिकाको प्रचार-प्रसार गर्ने,

९. दल र संविधानसभा-व्यवस्थापिका-संसद् तथा सरकारबीच सम्पर्क/समन्वय कायम गर्ने,

१०. केन्द्रीय कमिटीले तोकेका अन्य काम गर्ने ।

**र) संस्कृति विभाग**

१. पार्टीको सांस्कृतिक नीतिलाई समृद्ध र प्रभावकारी बनाउन आवश्यक अध्ययन गरी प्रस्ताव पेस गर्ने,

२. जाति, भाषा, धर्म, संस्कृतिसम्बन्धी समस्या तथा समाधानका उपाय सम्बन्धमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्ने,

३. विभिन्न जाति तथा जनजातिका संस्कृति, भाषा, साहित्य र लिपिको संरक्षण तथा विकासमा सहयोग पुऱ्याउने र सो कार्यका लागि योजना निर्माण गरी प्रस्तुत गर्ने,

४. जाति, भाषा, धर्म, संस्कृतिसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी सञ्चालन गर्ने सम्बन्धमा नीति प्रस्ताव गर्ने,

५. जाति, भाषा, धर्म, संस्कृतिसँग सम्बन्धित पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने,

६. जनमुखी संस्कृति र संस्कारका लागि योजना बनाई पेस गर्ने । पार्टीका नेता कार्यकर्ताहरूले पालना गर्नुपर्ने आचारसंहिता र सांस्कृतिक रूपान्तरणका बारेमा प्रस्ताव तयार गरी केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने ।

७. साहित्यिक, सांस्कृतिक पत्रिका प्रकाशन गर्ने । जाति, भाषा, धर्म र संस्कृति एवम् जनवादी साहित्य र संस्कृतिसम्बन्धी विषयमा गोष्ठी, छलफल, कार्यशाला आदिको आयोजना गर्ने,

८. सांस्कृतिक र साहित्यिक संस्थाहरूसित सम्बन्ध विस्तार गर्ने र विभिन्न क्षेत्रका साहित्यकार, कलाकर्मीहरूलाई पार्टीको हितमा परिचालित गर्ने,

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**ल) सामाजिक सेवा विभाग**

१. गैरसरकारी एवम् सामाजिक संस्था र सामाजिक क्षेत्रसँग सम्बन्धित काम सम्बन्धमा नीति निर्माण गर्न सुझाव पेस गर्ने । सामाजिक क्षेत्रको कामसँग सम्बन्धित विषयमा गोष्ठी-सेमिनार आदिको आयोजना गर्ने,

२. गैरसरकारी संस्थाहरूलाई जनहितमा परिचालन गर्न आवश्यक योजना बनाई प्रस्तुत गर्ने ।

३. गैरसरकारी संस्थाहरूबाट आयोजना गरिने कार्यक्रममा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

४. नेपालमा गैरसरकारी संस्थाहरूको उपस्थिति, भूमिका र सम्भाव्यताबारे अध्ययन गर्ने र त्यस्ता संस्थाहरूमा पार्टीका नेता, कार्यकर्ता तथा सदस्यहरूको संलग्नता तथा भूमिकासम्बन्धी नीति निर्माण गर्न प्रस्ताव गर्ने,

५. सामाजिक सुरक्षासम्बन्धी राज्यका नीतिहरूको अध्ययन गर्ने र समयानुकूल सुधारका लागि सुझाव दिने । ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्ग, एकल तथा विधवा महिला एवम् असहायहरूको सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्न सुझाव दिने,

६. महिला हिंसा, बालश्रम, जिउ मास्ने बेच्ने आदि अपराध रोक्न र त्यससम्बन्धी प्रभावकारी ऐन कानुन निर्माणका लागि सुझाव दिने,

७. सामाजिक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानुन एवम् सन्धि सम्झौताहरूको अध्ययन गरी राष्ट्रिय सन्दर्भमा तिनको औचित्य र उपयोगिताबारे सुझाव दिने,

८. महिला, दलित, आदिवासी जनजाति, मधेसी, लोपोन्मुख एवम् अल्पसङ्ख्यक समुदाय र पिछडिएको क्षेत्रसँग सम्बन्धित विषयमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गर्ने ।

९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**व) सामान्य प्रशासन विभाग :**

१. सामान्य प्रशासनसँग सम्बन्धित कार्यक्षेत्र र विज्ञहरूको अभिलेख तयार गर्ने ।

२ सामान्य प्रशासन प्रभावकारी सञ्चालनका निम्ति मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

३. सामान्य प्रशासनअन्तर्गतका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

४. सामान्य प्रशासनअन्तर्गत कार्यरत जनशक्तिलाई योग्य र सक्षम बनाउन योजना निर्माण गरी पेस गर्ने,

५. प्रशासन प्रभावकारी परिचालनका उपयायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. सेवाग्राहीहरूले सहज ढङ्गले सेवा प्राप्त गर्ने कुराको सुनिश्चित गर्न चाल्नुपर्ने कदमहरूका बारेमा पार्टीलाई सुझाव दिने,

७. राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि र उनीहरूको हकहितका सम्बन्धमा लिनुपर्ने नीतिका बारेमा सुझाव प्रस्तुत गर्ने,

८. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

**श) स्थानीय विकास विभाग**

१. स्थानीय विकासका लागि मौजूदा ऐन कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसंग छलफल गरी सुझाव दिने,

२. स्थानीय विकासका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

३. स्थानीय निकायमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेश गर्ने,

४. स्थानीय निकाय (सरकार)मार्फत दिइने सेवा र सम्पादन हुने कामलाई जनमुखी र प्रभावकारी बनाउन सुझाव दिने,

५. स्थानीय विकासका लागि स्थानीय साधनस्रोत परिचालनका उपयायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,

६. स्थानीय निकाय (सरकार)लाई पार्टी नीतिअनुरूप प्रभावकारी ढङ्ले सञ्चालन गर्न योजना बनाई पेस गर्ने,

७. स्थानीय विकासलाई राष्ट्रिय विकासको समग्र धारणाअनुरूप अगाडि बढाउन तथा स्थानीय विकासमा जनसहभागिता जुटाउनका लागि पार्टी पङ्क्तिलाई परिचालित गर्न एवम् स्थानीय तहमा पार्टीलाई स्थापित गराउन योजना पेस गर्ने,
८. स्थानीय विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने,
९. स्थानीय विकाससम्बन्धी नीति तयार पार्न आवश्यक कार्यक्रमहरूको आयोजना गर्ने,
१०. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

ष) **स्वास्थ्य तथा जनसङ्ख्या विभाग :**

१. स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने,
२. स्वास्थ्य क्षेत्रका समस्या तथा समाधानका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने,
३. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी अभिलेख राख्ने,
४. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सङ्गठनहरूको सम्बन्धमा नीतिगत प्रस्ताव प्रस्तुत गर्ने,
५. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने,
६. पार्टीका समस्याग्रस्त वा पूर्णकालीन कार्यकर्ताहरूको स्वास्थ्य उपचारमा आवश्यक सहयोग पुऱ्याउने,
७. राष्ट्रिय जनसङ्ख्या नीति निर्माण गर्न विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने,
८. आवधिक स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने ।
९. पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

२३. समाज विज्ञानका विभिन्न विधाहरूको अध्ययन अनुसन्धानका लागि एक **नीति अनुसन्धान प्रतिष्ठान** गठन गरिनेछ । यसको गठन, क्षेत्राधिकार तथा सञ्चालन 'नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी निर्देशिका' मा उल्लेख गरिएबमोजिम हुनेछ ।

## परिच्छेद–७
# पार्टी संयन्त्र, कार्यदल र मोर्चा सङ्गठन

**२४. पार्टी संयन्त्र :**

क) विधानको धारा-६२ बमोजिम विभिन्न पेसागत, सामुदायिक तथा सरोकारवाला सङ्घ, सङ्गठनहरूमा संयन्त्रमार्फत पार्टीको भूमिका स्थापित गरिनेछ ।

ख) पार्टी संयन्त्रमा सम्बन्धित पार्टी कमिटीबाट तोकिएका इन्चार्जसमेत केन्द्रमा बढीमा ११ जना र स्थानीय तहमा बढीमा ७ जना सदस्य रहनेछन् ।

ग) पार्टी संयन्त्रमा पार्टी सदस्य रहेका सम्बन्धित सङ्गठनका पदाधिकारी तथा सदस्यहरू रहनेछन् । विशेष स्थितिमा परीक्षणकालमा रहेका सदस्य र समर्थकहरू पनि रहन सक्नेछन् ।

घ) पार्टी संयन्त्रको गठन सम्बन्धित तहको पार्टी कमिटीद्वारा गरिनेछ र यसमा सचिव तथा सदस्यहरू रहनेछन् । उनीहरूले अनुसूची-९ बमोजिमको फाराम भर्नुपर्नेछ ।

ङ) सम्बन्धित तहको पार्टी कमिटीले आवश्यक ठानेको अवधिसम्म पार्टी संयन्त्र सञ्चालन हुनेछ । जुन सङ्घ वा सङ्गठनमा पार्टी संयन्त्र गठन गरिएको हुन्छ त्यो सङ्गठन वा संस्था विघटित भएमा वा कार्यकाल समाप्त भएमा पार्टी संयन्त्रको कार्यकाल पनि स्वतः समाप्त हुनेछ । गठन गर्ने पार्टी कमिटी विघटित भएमा वा अधिवेशनबाट नयाँ कमिटी बनेमा संयन्त्र पनि स्वतः विघटित हुनेछ ।

**च) पार्टी संयन्त्रका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

१. आफूसित सम्बन्धित पेसागत, सामुदायिक, जनप्रतिनिधिमूलक तथा सरोकारवाला सङ्घ-सङ्गठनलाई पार्टीको नीति, निर्णय र निर्देशनअनुरूप सञ्चालन गर्ने पहल गर्ने,

२. सम्बन्धित पार्टी कमिटीको निर्णय र निर्देशनलाई बिना सर्त पालना गर्ने,

३. सम्बन्धित पार्टी कमिटीप्रति उत्तरदायी रहने र नियमितरूपमा आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

४. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

२५. **कार्यदल :**

क) कुनै पनि कमिटीले विशेष प्रयोजनका निम्ति कार्यदल गठन गर्नसक्नेछ ।

ख) कार्यदलको अधिकार, कर्तव्य, कार्यविधि र कार्यावधि सम्बन्धित कमिटीले तोकेबमोजिम हुनेछ ।

२६. **मोर्चा सङ्गठन :**

क) विधानको धारा-६० बमोजिम नेपाल ट्रेड युनियन महासङ्घ, अखिल नेपाल किसान महासङ्घ, अखिल नेपाल महिला सङ्घ, युवा सङ्घ नेपाल, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल लोकतान्त्रिक आदिवासी-जनजाति महासङ्घ, लोकतान्त्रिक मधेसी सङ्गठन, नेपाल मुस्लिम इत्तेहाद सङ्गठन, नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपाल बुद्धिजीवी परिषद्, पेसागत महासङ्घ नेपाल, नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन, प्रेस चौतारी नेपाल, मानव अधिकार एलायन्स, लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन नेपाल, नेपाल खेलकुद महासङ्घ, प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपाल भूमिहीन सुकुम्बासी सङ्गठन र नेपाल उद्योग तथा व्यवसायी महासङ्घका बीचमा समन्वय कायम गरी सञ्चालन गर्न केन्द्र र स्थानीय तहमा मोर्चा सङ्गठन निर्माण गरिनेछ । अञ्चल र जिल्ला तहमा त्यहाँ क्रियाशील जनसङ्गठनहरूलाई समेटेर मोर्चा सङ्गठन निर्माण गरिनेछ ।

ख) मोर्चा सङ्गठनमा नियम २६ को (क) बमोजिमका सङ्गठनका इन्चार्ज तथा अध्यक्ष सदस्य रहनेछन् । सम्बन्धित तहको पार्टी कमिटीले मोर्चा सङ्गठनको प्रमुख र आवश्यकताअनुसार उपप्रमुख

एवम् मोर्चा सङ्गठनको सिफारिसमा बढीमा ३ जना सदस्य तोक्नेछ । मोर्चाको बैठक आवश्यकताअनुसार बस्नेछ ।

ग) मोर्चा सङ्गठनमा आबद्ध हुन चाहने जनसङ्गठनले संस्थागत निर्णय गरी पार्टीमा आवेदन गर्नुपर्नेछ । पार्टीले सान्दर्भिकता, आवश्यकता र प्रभावको विश्लेषण गरी यस सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

घ) पार्टीसम्बद्ध जनसङ्गठनहरुले नियमित रूपमा मोर्चा सङ्गठनसमक्ष आफ्ना कामको प्रतिवेदन प्रस्तुत गर्नेछन् । उनीहरूले प्रवासमा आफ्ना सम्पर्क कमिटी/ मञ्च/शाखाहरु गठन गर्ने छैनन् ।

ङ) मोर्चा सङ्गठनको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. मोर्चामा आबद्ध जनसङ्गठनहरूलाई पार्टीको तर्फबाट राजनीतिक नेतृत्व प्रदान गर्ने,

२. मोर्चामा आबद्ध जनसङ्गठनहरूबाट नियमित प्रतिवेदन प्राप्त गर्ने । उनीहरुबीच समन्वय कायम गर्ने,

३. मोर्चामा आबद्ध जनसङ्गठनहरूलाई साझा हितका विषयहरूमा सामूहिक र समन्वयात्मक रूपमा परिचालन गर्ने,

४. सम्बन्धित तहको पार्टी कमिटीसमक्ष आफ्ना कामको प्रतिवेदन पेस गर्ने ।

५. यसको परिचालन 'मोर्चा सङ्गठन सञ्चालन निर्देशिका' मा व्यवस्था भएअनुसार हुनेछ ।

## २७. स्वयम्सेवी सङ्गठन –

१) हरेक पार्टी सदस्यले पार्टी केन्द्रीय कमिटीले तोकेबमोजिम स्वयम्सेवकका रूपमा जनश्रममा भाग लिनुपर्नेछ । यससम्बन्धी अन्य व्यवस्था पार्टी केन्द्रले तय गरेबमोजिम हुनेछ ।

२) स्वयम्सेवा अभियान व्यवस्थितरूपमा सञ्चालन गर्न पार्टीले एक स्वयम्सेवी सङ्गठनको गठन गर्नेछ ।

३) यसको सञ्चालन 'स्वयम्सेवी सङ्गठन गठन तथा सञ्चालन निर्देशिका' मा व्यवस्था गरिएबमोजिम हुनेछ ।

## परिच्छेद–८
# विविध

**२८. विनियम तथा निर्देशिका :**

पार्टीको कार्यसम्पादनलाई सुव्यवस्थित गर्न देहायबमोजिमका विनियम तथा निर्देशिका रहनेछन् -

क) आर्थिक विनियम ।
ख) मदन-आश्रित कार्यकर्ता संरक्षण कोष विनियम ।
ग) केन्द्रीय कार्यालयका कर्मचारीहरूको सेवा सर्त र सुविधासम्बन्धी विनियम ।
घ) पार्टी स्कुल सञ्चालन निर्देशिका ।
ङ) स्वयम्सेवी सङ्गठन गठन तथा सञ्चालन निर्देशिका
च) मोर्चा सङ्गठन सञ्चालन निर्देशिका
छ) सम्पर्क मञ्च गठन तथा सञ्चालन निर्देशिका ।
ज) प्रवासको कामसम्बन्धी निर्देशिका ।
झ) नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी निर्देशिका ।
ञ) प्रतिष्ठानहरुको सञ्चालनसम्बन्धी निर्देशिका ।

**२९. मनोनयन :**

१. पार्टीको कुनै पनि कमिटी, आयोग, परिषद्, मञ्च, विभाग र संयन्त्रमा मनोनयनका निम्ति सिफारिस गर्दा अनुसूची- १२ बमोजिमको फाराम भरी सम्बन्धित कमिटीमा प्रस्तुत गर्नुपर्नेछ ।

२. स्थानीय पार्टी कमिटीहरूले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन आवश्यकताअनुरूप कुल निर्वाचित पूर्ण र वैकल्पिक सदस्य सङ्ख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछन् ।

**३०. दोहोरो प्रतिनिधित्व हुन नहुने**

क) राजधानीभित्र स्थायी बसोबास गर्ने र मतदाता नामावलीमा नाम समावेश भएका पार्टी सदस्यहरूलाई राजधानी समन्वय कमिटीले

भौगोलिक क्षेत्रका कमिटीहरूमा सङ्गठित गर्नेछ । उनीहरू सम्पर्क समन्वय कमिटी मातहत कमिटीमा सङ्गठित हुनेछैनन् ।

ख) सम्पर्क समन्वय कमिटीअन्तर्गत सङ्गठित पार्टी सदस्यहरूले सम्बन्धित जिल्लाका अधिवेशनहरूमा प्रतिनिधि हुन या कमिटीमा उम्मेदवार बन्न पाउनेछैनन् ।

ग) अनेरास्ववियु बाहेक पार्टीसम्बद्ध जनसङ्गठनले सम्पर्क कमिटी/मञ्चहरू गठन गर्नेछैनन् ।

## ३१. पार्टी प्रवेश :

क) नेकपा (एमाले) मा प्रवेश गर्ने अन्य राजनीतिक पार्टीका सदस्य या समर्थकहरू वा स्वतन्त्र व्यक्तिलाई अनुसूची-१० बमोजिमको प्रवेश पत्र दिइनेछ । सो को अभिलेख सम्बन्धित कमिटीले व्यवस्थित रुपमा राख्नुपर्नेछ ।

ख) पार्टी प्रवेश गर्ने व्यक्तिलाई सम्बन्धित कमिटीले सङ्गठित गर्ने र जिम्मेवारी दिनुपर्नेछ ।

ग) सम्बन्धित कमिटीले निजहरूलाई पार्टीका सिद्धान्त, कार्यक्रम, नीति र विधानका बिषयमा प्रशिक्षित गर्ने विशेष व्यवस्था गर्नुपर्नेछ ।

## ३२. कार्ययोजना र प्रतिवेदन :

क) भौगोलिक क्षेत्र, फाँट र विभागका इञ्चार्ज तथा प्रमुखले आफ्नो कार्यक्षेत्रको कार्ययोजना हरेक वर्षको पहिलो महिनामा, कामको आवधिक प्रतिवेदन प्रत्येक ६ महिनामा र वार्षिक समीक्षा प्रतिवेदन वर्षको अन्त्यमा सम्बन्धित तहको सचिवालयमा बुझ्काउनुपर्नेछ । विशेष अभियानको प्रतिवेदन अभियान सकिएलगत्तै सम्बन्धित तहको सचिवालयमा बुझ्काउनुपर्नेछ ।

## ३३. उम्मेदवारीको मापदण्ड :

पार्टी एकता र एकीकरणको प्रक्रिया वा पार्टीमा समाहित हुने प्रक्रियाबाट पार्टी प्रवेश गर्नेहरूको हकमा पार्टी केन्द्रीय कमिटीले विशेष निर्णय गर्न सक्नेछ ।

**३४. बैठक सञ्चालन, स्थानीय कार्यक्रममा आतिथ्यता, अनुमति र कार्यभार हस्तान्तरण :**

क) केन्द्रीय कमिटीको बैठक सञ्चालन 'बैठक सञ्चालनसम्बन्धी कार्यविधि र आचारसंहिता' अनुसार हुनेछ ।

ख) स्थानीय तहका कार्यक्रमहरूमा आतिथ्यता र सहभागितासम्बन्धी व्यवस्था 'स्थानीय तहका कार्यक्रमहरूमा आतिथ्यता र सहभागितासम्बन्धी कार्यविधि' बमोजिम हुनेछ ।

ग) सबै तहका पार्टी कमिटीका पदाधिकारी तथा सदस्यहरू आफ्नो कार्यक्षेत्रबाट बाहिर जानुपरेमा सम्बन्धित कमिटीका अध्यक्षलाई जानकारी दिनुपर्नेछ । कार्यक्षेत्र बाहिर जानुपर्दा अध्यक्षले उपाध्यक्षलाई, महासचिवले उपमहासचिवलाई र स्थानीय कमिटीका सचिवले उपसचिवलाई कार्यभार दिनुपर्नेछ । विदेश भ्रमण गर्नुपरेमा कमिटीको अध्यक्षको अनुमति लिनुपर्नेछ ।

घ) निर्वतमान कमिटीले नवगठित कमिटीलाई कमिटी गठन भएको १५ दिनभित्र श्रेस्ता, सम्पत्ति र हिसाबकिताबसहित कार्यभार हस्तान्तरण गर्नुपर्नेछ ।

**३५. प्रतिष्ठानहरूको संयोजन :**

(क) पार्टीका संस्थापक एवम् अग्रज नेताहरूको स्मृतिमा स्थापित र पार्टीका नेताहरूको नेतृत्वमा रहेका प्रतिष्ठानहरूको कामको समन्वय गर्न केन्द्रीय प्रतिनिधिको रूपमा इन्चार्ज र आवश्यकताअनुसार सह-इञ्चार्जको व्यवस्था गरिनेछ ।

(ख) प्रतिष्ठानहरुको सञ्चालन "प्रतिष्ठानहरुको सञ्चालनसम्बन्धी निर्देशिका" अनुसार हुनेछ ।

**३६. शपथ :**

विधानअनुरूप शपथ ग्रहण गर्ने व्यक्तिले अनुसूची-११ को शपथपत्रमा हस्ताक्षर गरी सम्बन्धित कमिटीमा बुझाउनुपर्नेछ ।

**३७. नियमावलीको व्याख्या :**

यस नियमावलीको अन्तिम व्याख्या पार्टीको केन्द्रीय कमिटीले गर्नेछ ।

**३८. नियमावली संशोधन :**

पार्टी केन्द्रीय कमिटीले यस नियमावलीमा आवश्यक संशोधन गरी लागू गर्न सक्नेछ ।

**३९. बाधा अड्काउ फुकाउ :**

यस नियमावलीको प्रयोग गर्दा उत्पन्न बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीले आवश्यक आदेश वा निर्देशन जारी गर्नसक्नेछ ।

**४०. बचाउ :**

पार्टी नियमावली- २०५७ (२०६५ को संशोधनसहित) अनुरूप भए गरिएका कामहरू यसै नियमावलीअनुसार गरिएको मानिनेछ ।

**अनुसूची–१**

## पार्टी सदस्यता आवेदन पत्र

**(नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधानको धारा ५ (१) तथा नियमावलीको नियम ३ (ग) सँग सम्बन्धित)**

मिति : .................

कमरेड अध्यक्ष,
...............................कमिटी,
मार्फत, ............................... शाखा कमिटी ।
नेपाल कम्युनिस्ट पार्टी (एमाले)

म यस पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई निसर्त रूपमा पालना गर्न मञ्जुर गर्दछु । मैले पार्टीको विधानमा उल्लिखित मापदण्ड पूरा गरेकाले पार्टी सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छ –

१. नाम, थर : ............................ २. जाति/समुदाय :.........................
३. स्थायी ठेगाना : ...................... ४. अस्थायी ठेगाना : ......................
४. नागरिकता प्रमाणपत्र नं. ........... ६. ना.प्र.प. जारी जिल्ला : ...............
५. आमाको नाम :........................ ६. बाबुको नाम :...........................
७. जन्म मितिः ........................... ८. वर्गस्रोत : ...............................
९. शैक्षिक योग्यता : .................... १०. पेसा : ...................................
११. सङ्क्षिप्त राजनीतिक पृष्ठभूमि : .............................................................
........................................................................................................
........................................................................................................

.........................
आवेदकको हस्ताक्षर

सिफारिस :
म आवेदकलाई राम्ररी चिन्दछु । निजको पार्टी जीवनको समग्र पक्षलाई अध्ययन गर्दा पार्टी सदस्यता प्रदान गर्न उपयुक्त देखिएकाले सिफारिस गर्दछु ।
सिफारिस गर्ने पार्टी सदस्य :
१) नाम :......... कमिटी र पद :........... ठेगाना : .......... हस्ताक्षर :............
२) नाम :........ कमिटी र पद :............ ठेगाना : ............ हस्ताक्षर :...........
सिफारिस गर्ने कमिटी :.........बैठक मिति :...... अध्यक्षको नाम :.......हस्ताक्षर : ........
निर्णय गर्ने कमिटी :............ बैठक मिति :........अध्यक्षको नामः...... हस्ताक्ष :.........
अनुमोदन गर्ने कमिटी..........बैठक मितिः.........अध्यक्षको नामः...... हस्ताक्षर..........

### अनुसूची–२

## परीक्षणकालीन पार्टी सदस्यता विवरण

### (नियमावलीको नियम ३ (ङ र ञ) सँग सम्बन्धित)

अञ्चल ................................................ जिल्ला ........................................ निर्वाचन क्षेत्र/इलाका ...........................

| क्र.सं. | नाम थर | जाति/ समुदाय | भाषा | ठेगाना | जन्म मिति | लिङ्ग | ना.प्र. प.नं. | जारी. जिल्ला | वर्ग | प्रा.स.प्रा. मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | |
| १८ | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | |
| २० | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | |

### अनुसूची-३

## पार्टी सदस्यता विवरण

**(नियमावलीको नियम ३ (च र ञ) सँग सम्बन्धित)**

अञ्चल ............................................... जिल्ला ...................................... निर्वाचन क्षेत्र/इलाका ..........................

| क्र.सं. | सदस्यता नम्बर | नाम थर | जाति/ समुदाय | भाषा | ठेगाना | जन्म मिति | ना.प्र. प.नं. | जारी जिल्ला | लिङ्ग | वर्ग | प्रा.स.प्रा. मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | | |
| १८ | | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | | |
| २० | | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | | |

**अनुसूची–४**

## पार्टी सदस्यता शुल्क तथा लेबी कार्ड

**(नियमावलीको नियम (४) सँग सम्बन्धित)**

नाम ः ......................... ठेगाना ................... पार्टी सदस्यता नम्बर ः..........
कमिटी ः ...................... पद ः........................ साल ः ............................

| महिना | सदस्यता शुल्क | लेवी | विशेष सहयोग | जम्मा | बुझ्नेको नाम | कमिटी,पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | | | | | | | | |
| जेठ | | | | | | | | |
| असार | | | | | | | | |
| साउन | | | | | | | | |
| भदौ | | | | | | | | |
| असोज | | | | | | | | |
| कात्तिक | | | | | | | | |
| मंसिर | | | | | | | | |
| पुस | | | | | | | | |
| माघ | | | | | | | | |
| फागुन | | | | | | | | |
| चैत | | | | | | | | |

**अनुसूची–५**

## पार्टी सदस्यतापत्र

**(विधानको धारा ५ तथा नियमावलीको नियम ५ (क) १ सँग सम्बन्धित)**

**नेपाल कम्युनिष्ट पार्टी**
**(एकिकृत मार्क्सवादी–लेनिनवादी)**

**पार्टी सदस्यता-पत्र**

नाम.......................................................................................
ठेगाना....................................................................................
नागरिक प्र.प.नं. .............................................................
जन्ममिति..............................................................................
सदस्यता प्राप्त मिति.......................................................
सदस्यता नम्बर................................................................

प्रमाणित गर्नेको हस्ताक्षर.........................................
नाम..............................................................................
नागरिकता जारी गर्ने जिल्ला...................................
कमिटी.........................................................................
पद...............................................................................
जारी मिति..................................................................

**अनुसूची– ६**

## परिचयपत्र

**(नियमावलीको नियम ५ (ख) १ सँग सम्बन्धित**

**नेपाल कम्युनिष्ट पार्टी**
**(एकिकृत मार्क्सवादी–लेनिनवादी)**

**परिचय-पत्र**

नाम.......................................................................................
ठेगाना....................................................................................
जन्ममिति..............................................................................
कमिटी...................................................................................
पद..........................................................................................
मान्य अवधि.........................................................................

प्रमाणित गर्नेको हस्ताक्षर.........................................
नाम..............................................................................
कमिटी.........................................................................
पद...............................................................................
जारी मिति..................................................................

**अनुसूची–७**

## राजनीतिक–साङ्गठनिक विवरण फाराम

**(विधानको धारा ८ (१) तथा नियमावलीको नियम ६ (ख) सँग सम्बन्धित**

कमरेड अध्यक्ष,
..................................................कमिटी
नेकपा (एमाले)

म नेकपा (एमाले)को सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र यस पार्टीमा एकीकृत/समाहित भएर वा प्रवेश गरेर पार्टी विधानअनुरूप सङ्गठित भई तोकिएको जिम्मेवारी पूरा गर्न चाहन्छु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छ ।

नाम : .................................................. जाति/समुदाय ..............................
स्थायी ठेगाना : ..................................................
अस्थायी ठेगाना : ..................................................
सम्पर्क (फोन) : .................................................. ईमेल : ..............................
जन्म स्थान : .................................................. जन्म मिति : ..............................
लिङ्ग : .................................................. वर्ग : ..............................
शैक्षिक योग्यता : .................................................. पेसा : ..............................
पूर्व सङ्गठित राजनीतिक दल : ..................................................
सदस्यता प्राप्त मिति : ..................................................
सङ्गठित कमिटी : .................................................. पद : ..............................
जन–सङ्गठन : ..................................................
सङ्गठित कमिटी : ..................................................
पद र जिम्मेवारी : ..................................................
कामको अनुभव र रूचि : ..................................................

राजनीतिक साङ्गठनिक पृष्ठभूमि
..................................................
..................................................
..................................................

सिफारिस गर्ने व्यक्ति : .................................................. कमिटी र पद : ..............................
१) सदस्यतासम्बन्धी सिफारिस : ..................................................
२) जिम्मेवारीसम्बन्धी सिफारिस : ..................................................

निर्णय गर्ने कमिटी : .................................................. निर्णय मिति : ..............................
१) सदस्यतासम्बन्धी सिफारिस : ..................................................
२) जिम्मेवारीसम्बन्धी सिफारिस : ..................................................

**अनुसूची–८**

## पार्टी सदस्यता स्थानान्तरण पत्र

**(नियमावलीको नियम ७ (घ) सँग सम्बन्धित**

मिति : ........................

कमरेड प्रमुख
........................ सङ्गठन विभाग, ........................
नेकपा (एमाले)

विषय : पार्टी सदस्यता स्थानान्तरण सम्बन्धमा ।

कमरेड,

निम्न विवरणका कमरेडको पार्टी सदस्यता त्यस कमिटीअन्तर्गत .................................. रहने गरी स्थानान्तरण गरिएको छ । उहाँलाई सङ्गठित गरी आवश्यक जिम्मेवारी दिनुहुन अनुरोध गरिन्छ ।

सिफारिस गर्ने कमिटी : ..............................................................................................
सरुवा पत्रको मिति : ....................................................................................................

**व्यक्तिगत विवरण**

नाम : ..............................................................................................................................
जन्म मिति : ......................................................................................................................
पार्टी सदस्यता प्राप्त मिति : ...................................... पार्टी सदस्यता नम्बर : ........................................
पार्टी सदस्यता नवीकरण मिति : ......................................................................................
स्थानान्तरण हुनुअघि सङ्गठित कमिटी : .........................................................................
पद र जिम्मेवारी : ..........................................................................................................

हार्दिक अभिवादनसहित
........................................

बोधार्थ :
क. ..........................................................
इञ्चार्ज/प्रमुख/अध्यक्ष/सचिव

**अनुसूची–९**

## मनोनयन सिफारिस विवरण

**(नियमावलीको नियम २१ (ग) २४ (घ) र २९ सँग सम्बन्धित**

(कमिटी, परिषद्, विभाग र संयन्त्रको सदस्यमा मनोनयन प्रयोजनका निम्ति)

सिफारिस गरिएको जिम्मेवारी
कमिटी/परिषद्/विभाग/संयन्त्र : ..........................................................................
स्थान/सङ्गठन : ..........................................................................
पद : ..........................................................................

सदस्यको विवरण

नाम : .......................................................................... जाति/समुदाय ..............................
स्थायी ठेगाना : ..........................................................................
अस्थायी ठेगाना : ..........................................................................
सम्पर्क (फोन) : .............................................................. ईमेल : ..............................
जन्म स्थान : .............................................................. जन्म मिति : ..............................
लिङ्ग : .............................................................. वर्ग : ..............................
शैक्षिक योग्यता : .............................................................. पेशा : ..............................
सदस्यता प्राप्त मिति : .............................................................. पार्टी सदस्यता नम्बर : ..............................
हाल सङ्गठित कमिटी : .............................................................. पद : ..............................

राजनीतिक साङ्गठनिक पृष्ठभूमि

..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................

सिफारिस गर्ने
नाम : .............................................................. कमिटी : ..............................
पद : .............................................................. हस्ताक्षर : ..............................
मिति ..............................................................

## अनुसूची- १०

# पार्टी प्रवेश पत्र

**(नियमावलीको नियम ३१ (क) सँग सम्बन्धित**

## नेपाल कम्युनिष्ट पार्टी
## (एकिकृत मार्क्सवादी–लेनिनवादी)

सि.नं.

## पार्टी प्रवेश पत्र

| | |
|---|---|
| नाम........................................ | प्रदान गर्नेको |
| ठेगाना........................................ | नाम........................................ |
| जन्ममिति........................................ | कमिटी........................................ |
| प्रवेश पत्र प्राप्त मिति........................................ | पद........................................ |
| हस्ताक्षर........................................ | हस्ताक्षर........................................ |

**अनुसूची-११**

## शपथ ग्रहण र हस्ताक्षर

(नियमावलीको नियम (३६) सँग सम्बन्धित)

म ........................................................ नेपालको गौरवमयी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को सदस्य/कमिटी/निकाय को ........................................ जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा शहीदको रगतद्वारा रञ्जित पार्टीको लाल झण्डासामु उभिएर प्रतिज्ञा गर्दछु :

म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तकोरूपमा आत्मसात् गर्दै नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर समर्पित रहनेछु र आवश्यक बलिदान गर्न पछि नहट्ने संकल्प गर्दछु । पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीकासाथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु । वर्ग-शत्रुहरु, अवसरवाद, आत्मसर्मणवाद, साम्राज्यवाद, प्रतिक्रियावाद र सबै प्रकारका गलत विचारका विरुद्ध दृढतापूर्वक जुझिरहने छु ।

- नेपाली क्रान्ति - जिन्दावाद !
- मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद - जिन्दावाद !
- आदरणीय अमर-शहीदहरु - लालसलाम !

नाम : .........................................
ठेगाना : .......................................
सम्पर्क नं. : ...................................
पार्टी सदस्यता नं.: ..........................
हस्ताक्षर : .....................................
मिति : .........................................

**परिशिष्ट १**

## नेकपा (एमाले केन्द्रीय कमिटीको बैठक सञ्चालनको कार्यविधि तथा आचार-संहिता

२०७१

केन्द्रीय कमिटीको बैठकलाई व्यवस्थित तथा छरितो रूपमा सञ्चालन गर्न, बैठकमा केन्द्रीय सदस्यहरू सक्रियरूपमा सहभागी हुने तथा निर्धारित कार्यसूचीमाथि उहाँहरूका राय-सुझावहरू व्यवस्थित ढङ्गले प्रस्तुत हुने वातावरण सुनिश्चित गर्न तथा बैठकबाट समयमै आवश्यक निर्णय गर्न सुनिश्चित कार्यविधि तथा आचारसंहिताको आवश्यकता महसुस गर्दै केन्द्रीय कमिटीको दोस्रो बैठक (साउन २७-३१) बाट देहायको 'बैठक सञ्चालन कार्यविधि तथा आचार-संहिता-२०७१' पारित गरिएको छ । यो कार्यविधि तथा आचार-संहिता पारित भएको मितिदेखि नै लागू हुनेछ ।

**बैठक सञ्चालनको कार्यविधि**

१. **कार्यसूचीको तयारी**

१.१ केन्द्रीय कमिटीको बैठक बस्नुभन्दा कम्तिमा एक हप्ता अगाडि केन्द्रीय सचिवालयबाट बैठकको कार्यसूची तयार गरिनेछ ।

१.२ सचिवालयबाट तयार गरिएको कार्यसूचीलाई स्थायी कमिटीले पारित गरी अन्तिम रूप दिनेछ ।

१.३ स्थायी कमिटीबाट पारित कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगाडि केन्द्रीय कमिटी सदस्यहरूसमक्ष पठाइनेछ ।

१.४ प्रस्तावित कार्यसूचीमा कुनै विषय थप-घट गर्न चाहने सदस्यले बैठक बस्नुभन्दा कम्तीमा १ दिन अगाडि आफ्नो प्रस्ताव लिखितरूपमा सचिवालयमा पठाउनु पर्नेछ ।

२. **बैठक सञ्चालन**

२.१. बैठकको अध्यक्षता अध्यक्षले र सञ्चालन महासचिवले गर्नेछन् ।

२.२ बैठकमा पूर्वनिर्धारित कार्यसूचीमा आवश्यक छलफल गरी निर्णयहरू लिइनेछ ।

२.३ बैठकमा बोल्न अनुमति दिने र व्यवस्था कायम राख्ने लगायतका बिषयहरूमा अध्यक्षले निर्देशन दिनेछन् ।

२.४ बैठकमा कारणवश उपस्थित हुन नसक्ने अवस्था उत्पन्न भएमा पार्टी पदाधिकारी तथा सदस्यले केन्द्रीय सचिवालयमा पूर्व सूचना उपलब्ध गराउनु पर्नेछ । केन्द्रीय कमिटी बैठकमा त्यससम्बन्धमा जानकारी गराइनेछ ।

**३. प्रस्तावको तयारी तथा प्रस्तुति सम्बन्धमा**

३.१ कार्यसूचीसँगै प्रस्तावित निर्णयको मस्यौदा र त्यसको औचित्यसमेत समावेश गरेर केन्द्रीय सदस्यहरूलाई उपलब्ध गराइनेछ ।

३.२ पार्टी अध्यक्ष र महासचिवले बैठकका कार्यसूची र प्रस्तावका सम्बन्धमा केन्द्रीय सदस्यहरूसँग यथासंभव पूर्व परामर्श गर्ने र राय लिने काम गरिनेछ ।

३.३ प्रस्तावमा संशोधन गर्न चाहने सदस्यले आफ्नो संशोधनको व्यहोरा औचित्यसहित लिखित रूपमा प्रस्तुत गर्नुपर्नेछ ।

**४. छलफल सञ्चालन प्रक्रिया**

४.१ छलफलमा भाग लिन चाहने सदस्यले आफ्नो नाम दर्ज गर्नु पर्नेछ ।

४.२ प्रस्तावमा छलफलको समय बिषयको गम्भीरता, प्रस्तावसँग जोडिएको नीतिगत प्रश्न तथा छलफलमा सहभागी हुन इच्छुक सदस्यहरूको सङ्ख्याका आधारमा निर्धारण गरिनेछ ।

४.३ बहसमा भाग लिने प्रत्येक सदस्यले तोकिएको समय सिमाभित्र विषयमा केन्द्रित भई आफ्नो मत राख्नुपर्नेछ ।

४.४ कुनै बिषय या प्रस्तावलाई बैठकले गम्भीर वैचारिक/राजनीतिक र नीतिगत महत्वको ठहर गरी थप बहस सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरेमा छुट्टै फोरम वा छुट्टै बैठकको आयोजना गरिनेछ ।

४.५ बहस नोट लिपिबद्ध गर्ने जिम्मेवारी सचिवालयको हुनेछ । प्रत्येक प्रस्तावमा भएको छलफल र बहसको सारसङ्क्षेपलाई अभिलिखित गरिनेछ ।

**५. निर्णय प्रक्रिया**

५.१ प्रस्तावमाथिको छलफल सकिएपछि अध्यक्षले वा अध्यक्षको निर्देशनमा महासचिवले लिखित प्रस्तावलाई निर्णयार्थ बैठकसमक्ष औपचारिकरूपमा प्रस्तुत गर्नुपर्नेछ ।

५.२ निर्णय लोकतान्त्रिक विधिअनुरूप गरिनेछ, अर्थात् सकेसम्म सर्वसम्मतिले, त्यसो हुन नसकेमा बहुमतको आधारमा निर्णय लिइनेछ ।

५.३ महासचिव वा महासचिवले तोकेको सचिवालय सदस्यद्वारा बैठकका निर्णयहरू निर्णय पुस्तिकामा लिपिबद्ध गरिनेछ ।

५.४ निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति निर्णय पुस्तिकामा दर्ज गर्न चाहेमा लिखितरूपमा दर्ज गर्न सक्नेछन् । यसरी लिखितरूपमा दर्ज भएको असहमतिलाई मात्रै फरक मत मानिनेछ ।

५.५ फरक-मत दर्ज गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा, निर्णित विषयलाई कार्यान्वयन गर्ने गरी कमिटीले त्यसको समयावधि, विधि र प्रक्रिया खुलाई अनुमति दिनसक्नेछ ।

**६. निर्णय तथा पार्टी धारणाको सार्वजनिकीकरण**

६.१ तत्काल सार्वजनिक गर्न नहुने भनी तोकिएको बिषयमा बाहेक बैठकका निर्णयहरू महासचिवद्वारा प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिनेछ ।

६.२ कुनै बिषयमा पार्टीको धारणा सार्वजनिक गर्नुपर्ने, सन्देश प्रवाह गर्नुपर्ने वा कुनै बिषयमा पार्टी पङ्क्तिलाई मार्गदर्शन वा जनसमुदायलाई आह्वान गर्नुपर्ने भएमा केन्द्रीय सचिवालयले प्रेस वक्तव्य या विज्ञप्ति तयार गरी पार्टी अध्यक्षको नाममा जारी गरिनेछ । कुनै बिषयमा केन्द्रीय कार्यालय वा सचिवालयका नाममा प्रेस वक्तव्य जारी गर्न उपयुक्त देखिएमा सोहीअनुरूप गरिनेछ । त्यससम्बन्धी पूर्व जानकारी पार्टी अध्यक्षलाई गराउनु पर्नेछ ।

६.३ राष्ट्रिय चाडवाडहरू, औपचारिक समारोह वा अवसर आदिमा दिइने शुभकामना तथा वक्तव्यहरू पार्टी अध्यक्षद्वारा जारी गरिनेछ । सचिवालयले त्यससम्बन्धी आवश्यक व्यवस्था मिलाउनेछ ।

६.४ पार्टी निर्णयको परिपत्र र मातहत कमिटीसँग पत्राचार पार्टीको तर्फबाट अध्यक्षद्वारा गरिनेछ ।

**आचार-संहिता**

१. बैठकमा प्रत्येक व्यक्तिले पार्टीको मर्यादा र अनुशासन कायम राख्नुपर्नेछ । छलफलमा सहभागी हुने व्यक्तिले शिष्ट र मर्यादित भाषामा आफ्ना धारणा राख्नुपर्नेछ ।

२. बैठकमा अमर्यादित, अशिष्ट र अपशव्दहरूको प्रयोग गर्न पाइनेछैन । कुनै वर्ग, जाति, समुदाय, लिङ्ग, क्षेत्र, धर्म र संस्कृतिको मर्यादा तथा गरिमामा आँच पुग्ने गरी कुनै अभिव्यक्ति दिन या व्यवहार गर्न पाइनेछैन । लोकतन्त्र, राष्ट्रियता, राष्ट्रिय एकता तथा सामाजिक सद्भावमा आँच पुग्ने किसिमले कुनै पनि अभिव्यक्ति दिन र व्यवहार गर्न पाइनेछैन ।

३. बैठकमा अरूले बोलिरहेको समयमा अध्यक्षको अनुमतिबिना बीचैमा बोल्न र टिप्पणी गर्न पाइनेछैन । सबैले आफ्नो पालोमा या अध्यक्षसँग समय लिएर मात्रै कुरा राख्नुपर्नेछ ।

४. बैठकमा भएको छलफल या त्यहाँ प्रस्तुत रायका आधारमा कसैप्रति पनि व्यक्तिगत या सार्वजनिक रूपमा टिप्पणी गर्न या पूर्वाग्रही व्यवहार गर्न पाइनेछैन ।

५. बैठकले गरेका निर्णयहरूको पालना र कार्यान्वयन गर्नु सबै पदाधिकारी तथा सदस्यहरूको कर्तव्य हुनेछ ।

६. बैठकमा सबैले पारस्परिक सम्मान, सहयोग र कमरेडली भावनाअनुरूप आफूलाई प्रस्तुत गर्नुपर्नेछ । महाधिवेशन या अन्य आन्तरिक निर्वाचनमा भएको समूह आवद्धता या मताधिकारको प्रयोगको आधारमा कसैलाई फरक व्यवहार गर्न पाइनेछैन ।

७. पार्टीका राजनीतिक/वैचारिक धारणा तथा अन्य कुनै बिषयमा चलाइने बहस र छलफल मर्यादित र पार्टीको एकतामा आँच नपुर्‍याउने किसिमको हुनुपर्नेछ । कसैले पनि पार्टीको एकता र विकासमा अवरोध पुग्ने कुनै पनि काम कुरा गर्न पाइनेछैन ।

८. सबै पदाधिकारी तथा सदस्यहरूले आ-आफ्नो जिम्मेवारी अनुरूपको भूमिका सक्रियरूपमा निर्वाह गर्नुपर्नेछ । सामाजिक मर्यादा, राज्यको कानुन र पार्टीको विधान विपरीतका कुनै पनि काम कुरा गर्न पाइनेछैन ।

९. केन्द्रीय कमिटीको बैठकलाई यथासक्य छोटो समयमा सौहार्द्रपूर्ण र परिणाममुखी ढङ्गले सम्पन्न गराउन योगदान पुर्‍याउनु प्रत्येक पदाधिकारी र सदस्यको कर्तव्य हुनेछ ।

(अन्तर पार्टी निर्देशन - २ बाट)

**परिशिष्ट २**

# स्थानीय तहका कार्यक्रममा आतिथ्यता र सहभागितासम्बन्धी कार्यविधि र आचारसंहिता

२०७१

**१. कार्यविधि**

**१.१ केन्द्रबाट निर्धारित कार्यक्रम सम्बन्धमा**

१.१.१. केन्द्रीय कमिटी/केन्द्रीय कार्यालयबाट तय गरिने राष्ट्रव्यापी कार्यक्रम, राष्ट्रिय स्तरका आयोजना वा विशेष समारोहमा सहभागिताका लागि अतिथि निर्धारण पार्टी केन्द्रको नीतिगत निर्णयका आधारमा केन्द्रीय सचिवालयबाट गरिनेछ ।

१.१.२ पार्टी अध्यक्षलाई प्राप्त निमन्त्रणामा कार्यक्रमको प्रकृति हेरी अध्यक्ष स्वयम् या उहाँले तोकेका कमरेडको सहभागिता रहनेछ ।

१.१.३ राजकीय जिम्मेवारीका हैसियतमा प्राप्त व्यक्तिगत निमन्त्रणामा सम्बन्धित कमरेडकै सहभागिता रहनेछ ।

**१.२ स्थानीय तहका कार्यक्रममा आतिथ्यता सम्बन्धमा**

१.२.१ जिल्ला मातहतका कार्यक्रमहरूमा सम्बन्धित अञ्चल इन्चार्ज र जिल्ला इन्चार्ज कमरेडहरूको सहभागिता र आतिथ्यलाई प्राथमिकता दिनु पर्नेछ ।

१.२.२ सामान्यतया जिल्ला अधिवेशन, क्षेत्रीय अधिवेशनहरू र नगर अधिवेशनभन्दा तलका अधिवेशनहरूमा केन्द्रबाट अतिथि खटाइनेछैन ।

१.२.३ कार्यक्रममा अतिथिको माग गर्दा सम्बन्धित जिल्ला कमिटी, जिल्ला इन्चार्ज र सम्बन्धित अञ्चलका इन्चार्ज कमरेडको समन्वयमा केन्द्रमा पत्राचार गर्नुपर्नेछ ।

१.२.४ कार्यक्रमको प्रकृति हेरी पार्टी केन्द्रीय सचिवालय/कार्यालयले अतिथि पठाउनेछ ।

१.२.५ आतिथ्यताको बारेमा निर्णय गर्दा अधिवेशन/सम्मेलनहरूमा पार्टी वरियता, पार्टी स्कूल/प्रशिक्षणमा प्रशिक्षकीय भूमिका र विकास निर्माणमा सार्वजनिक पद धारणा गरेका पदाधिकारीहरू प्राथमिकतामा पर्नुहुनेछ ।

१.२.६ पार्टी स्कूलबाहेक सामान्यतयाः एउटा कार्यक्रममा केन्द्रबाट एकजना भन्दा बढी अतिथि खटाइने छैन ।

**१.३ जनसङ्गठनका कार्यक्रमहरू सम्बन्धमा**

१.३.१. नेतृत्व विकासको आवश्यकतालाई ध्यानमा राखी जनसङ्गठनका स्थानीय कार्यक्रमहरूमा सम्बन्धित जनसङ्गठनका नेता/पदाधिकारीहरूलाई नै प्राथमिकता दिनुपर्नेछ ।

१.३.२ पार्टी केन्द्रबाट अतिथि पठाउनुपर्ने विशेष स्थिति भएमा सम्बन्धित जनसङ्गठनका इन्चार्ज र प्रमुखले समन्वय गरी माग गर्नुपर्नेछ । जनसङ्गठनका स्थानीय कार्यक्रममा सहभागी हुने अतिथिले स्थानीय पार्टी कमिटीसँग अनिवार्य समन्वय गर्नुपर्नेछ ।

**१.४ पार्टीको तर्फबाट सार्वजनिक जिम्मेवारी बहन गर्ने कमरेडहरू सहभागी कार्यक्रमबारे**

१.४.१ पार्टीको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्नुहुने प्रधानमन्त्री, मन्त्री, सभासद् लगायतले स्थानीय स्तरका पार्टी कार्यक्रम या सार्वजनिक समारोहमा सहभागी हुँदा स्थानीय पार्टी कमिटीलाई पूर्व जानकारी दिनुपर्नेछ ।

१.४.२ सार्वजनिक कार्यक्रममा सहभागी हुँदा स्थानीय पार्टी काममा सहयोग पुग्ने र स्थानीय पार्टी नेतृत्वको प्रतिष्ठा बढाउने गरी समन्वय गर्नुपर्नेछ ।

**१.५ प्रवासको कार्यक्रममा सहभागिताका सम्बन्धमा**

१.५.१ प्रवासी नेपाली मञ्च, प्रवासी नेपाली सङ्घ या पार्टी निकट सङ्गठनहरूले प्रवासमा आयोजना गरेका कार्यक्रममा स्वदेशबाट अतिथिको माग गर्दा सम्बन्धित इन्चार्जमार्फत् पार्टी केन्द्रमा पत्राचार गर्नुपर्नेछ ।

१.५.२ ार्टी केन्द्रीय सचिवालय/ कार्यालयले त्यस्ता कार्यक्रममा अतिथि तय गर्दा प्रवास इन्चार्ज कमरेडको समन्वय अनिवार्य हुनेछ ।

१.५.३ यसरी निर्णय गर्दा कार्यक्रमको प्रकृति हेरी उपयुक्त अतिथि खटाइनेछ ।

**१.६ केन्द्रीय सचिवालय/कार्यालयसँग समन्वय**

१.६.१ सार्वजनिक प्रतिष्ठा र सार्वजनिक जिम्मेवारीका हिसाबले नेता कमरेडहरूलाई विभिन्न सङ्घसंस्था र समुदायबाट व्यक्तिगत निमन्त्रणा प्राप्त भइरहेका हुन्छन् । त्यस्ता कार्यक्रममा सहभागिताले पार्टीको छविलाई माथि उठाउन र पार्टीसँग आम जनसमुदायको सम्पर्क विस्तार गर्न भूमिका खेलिरहेका हुन्छन् । त्यस्ता कार्यक्रममा सहभागी हुने कमरेडले कमरेडहरूले पार्टी कार्यालयलाई जानकारी/सूचना दिनु पर्नेछ ।

१.६.२ धार्मिक /सांस्कृतिक कार्यक्रमहरू, व्यक्तिगत निमन्त्रणा या यस्तै कार्यक्रममा सहभागिता हुँदा सम्बन्धित कमरेडको उपस्थितिले पार्टीको सार्वजनिक छवि, नीतिगत मान्यता या अन्य बिषयमा विवाद सिर्जना हुने या सार्वजनिक रूपमा प्रश्न उठ्ने स्थिति सिर्जना नहोस् भन्ने कुरामा सबै कमरेडले ध्यान दिनु पर्नेछ ।

**१.६ केन्द्रीय विभाग र फाँटका कार्यक्रम सम्बन्धमा**

१.६.१ केन्द्रीय विभाग र फाँटहरूले कुनै पनि राष्ट्रव्यापी अभियान र राष्ट्रिय स्तरका कार्यक्रम आयोजना गर्दा त्यसका नीतिगत बिषय र सहभागिताका बारेमा केन्द्रीय सचिवालयसँग समन्वय गर्नुपर्नेछ ।

१.६.२ त्यस्ता कार्यक्रममा पार्टी केन्द्रबाट अतिथिहरू सहभागी बनाउन आवश्यक भएमा विभागीय प्रमुख र फाँटका इन्चार्ज कमरेडले केन्द्रीय सचिवालय/कार्यालयमा आग्रह गर्नुपर्नेछ ।

**१.७ आर्थिक व्यवस्थापन**

१.७.१ पार्टी केन्द्रद्वारा आयोजित राष्ट्रव्यापी अभियान या राष्ट्रिय स्तरका कार्यक्रममा अतिथि खटाउँदा आर्थिक व्यवस्थापनको जिम्मा पार्टी केन्द्रकै हुनेछ ।

१.७.२ केन्द्रको योजनामा स्थानीय तहको कार्यक्रममा सहभागी हुने कमरेडहरूको एकतर्फी हवाई या गाडी भाडा केन्द्रले व्यवस्थापन गर्नेछ । बाँकी आर्थिक व्यवस्थापन आयोजकहरूले गर्नुपर्नेछ ।

१.७.३ स्थानीय तहबाट आयोजना गरिएका कार्यक्रमहरूमा सहभागी हुने अतिथिहरूको आवत-जावत र बसोबासको खर्च व्यवस्थापन आयोजक कमिटी/सङ्गठनले गर्नुपर्नेछ ।

**२. आचारसंहिता**

२.१ केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्य कमरेडहरूले आफ्नो परिभाषित कार्यक्षेत्र बाहिरको कार्यकममा सहभागी हुँदा वा कार्यक्षेत्र बाहिर जाँदा केन्द्रीय सचिवालय/कार्यालयलाई सूचित गर्नुपर्नेछ ।

२.२ पार्टी केन्द्रले आयोजना गर्ने राष्ट्रिय स्तरका या राष्ट्रव्यापी कार्यक्रममा आफूलाई तोकिएको स्थानमा सहभागी हुनु हरेकको कर्तव्य हुनेछ ।

२.३ कुनै पनि स्थानीय कमिटी, विभाग वा जनसङ्गठनबाट निश्चित कमरेडलाई तोकेर निमन्त्रणा गरिनेछैन ।

२.४ केन्द्रबाट खटिई जाने अतिथिहरू स्थानीय कमिटी या जनसङ्गठनका अधिवेशनहरूलाई प्रभावित गर्ने गरी अध्यक्ष मण्डल, निर्वाचन समिति या अन्य यस्तै संरचनामा रहनेछैनन् । यसको जिम्मा सम्बन्धित कार्यक्षेत्रका जिम्मेवार कमरेडहरूको हुनेछ । अतिथिको भूमिका अधिवेशनलाई स्वस्थ, मर्यादित र निष्पक्ष बनाउन सघाउने हुनेछ ।

२.५ सामान्यतयाः स्थानीय स्तरका कार्यक्रममा एकभन्दा बढी केन्द्रीय पदाधिकारी या अतिथिहरू सहभागी हुनेछैनन् ।

(अन्तरपार्टी निर्देशन - ३ बाट)

**परिशिष्ट ३**

**नेकपा (एमाले), नवौं महाधिवेशन (असार १९–साउन १, २०७१)बाट पारित**

# महिला विरूद्धको हिंसासम्बन्धी आचारसंहिता

## १. महिला विरुद्ध हिंसा

कुनै पनि नागरिकको आधारभूत मानव अधिकार, सम्मान र प्रतिष्ठामा आँच आउने गरी शारीरिक, मानसिक र भावनात्मक रूपमा चोट पार्ने सबै व्यवहार हिंसा हो । प्रकृतिको आधारमा हिंसा साङ्केतिक, शाब्दिक, शारीरिक वा यौनिक फरक फरक रूपमा प्रकट हुन सक्दछ । हिंसा निजी रूपमा घरपरिवारदेखि सार्वजनिक रूपमा कार्यथलो, समुदाय, बाटोघाटो, संघ–संस्था लगायत सबै स्थानमा हुन सक्दछ ।

महिलामाथि हुने कुटपिट, दुरुत्साहन, यौन दुर्व्यवहार, बलात्कार, हत्या, सामाजिक अन्धविश्वासका आधारमा बोक्सी, डायन, छाउपडी लगायतका नाममा गरिने विभेदपूर्ण व्यवहार, दाइजो वा सम्पत्तिको कारण खाने, लाउने र सुरक्षित आवासबाट वञ्चित गरिनेदेखि जलाउनेसम्मको कार्य, कार्यथलोमा महिला भएकै कारण अवसर, सेवा र सुविधामा गरिने विभेद, सहकर्मी वा नेता/कार्यकर्ताबाट हुने हतोत्साहन, दुर्व्यवहार र यौन दुरुत्साहन लगायतका व्यवहार महिला विरुद्ध हिंसाका केही रूपहरु हुन्, जसलाई यसरी वर्गीकरण गर्न सकिन्छ–

- चरित्र तथा प्रतिष्ठा माथिको हमला
- शाब्दिक तथा साङ्केतिक रूपमा गरिने हिंसा
- यौनजन्य मनसायले गरिने शारीरिक र मानसिक हिंसा
- अन्धविश्वास तथा रुढिवाद आधारित हिंसा
- जबरजस्ती विवाह/बालविवाह/अनमेल विवाह/बहुविवाह
- घरेलु हिंसा
- बलात्कार तथा यस्तो प्रयास
- मानव बेचबिखन

## २. महिला विरुद्ध हिंसासम्बन्धी आचारसंहिताको आवश्यकता

महिला विरुद्ध हिंसा मानवता विरुद्धको सामाजिक अपराध हो । कुनै पनि प्रकृतिका हिंसाका घटना हुन नदिने र भएमा कार्वाही गर्ने मूल दायित्व राज्यको हो । लैङ्गिक समानता र सामाजिक न्यायसहित हिंसामुक्त र विभेदरहित समाज निर्माणको उद्देश्य भएका क्रियाशील संघ-संस्थाहरुले आफ्नो संस्थामा आबद्ध कसैबाट पनि यस्ता हिंसा हुन नदिन र सामूहिक रूपमा प्रतिकार गर्न दृढताका साथ आन्तरिक रूपमा समेत आचारसंहिता बनाई लागू गर्नु आवश्यक हुन्छ ।

**यही आवश्यकतालाई अनुभूत गर्दै,**

- देशको संविधान र कानुन तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्र सङ्घको महासन्धि (सिड-१९७९) मा उल्लिखित महिला विरुद्धका सबै खाले लैङ्गिक आधारित तथा यौनजन्य हिंसा अन्त्य गरी महिलाका मौलिक हक तथा स्वतन्त्रताको उपभोगका लागि सहज वातावरण सिर्जना गर्न, गराउन
- आफ्ना सबै कमिटी, निकाय तथा सम्बन्धित मोर्चा सङ्गठन र सदस्यहरु समेत सिङ्गो संरचनालाई सचेत र संवेदनशील बनाउनुका साथै यस्ता अमानवीय र अपराधपूर्ण व्यवहार विरुद्ध क्रियाशील गर्न, गराउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले महिला विरुद्ध हिंसा सम्बन्धी यो आचारसंहिताको प्रस्ताव अगाडि सारेको छ । यसलाई नेकपा एमालेका सबै कमिटी, निकाय तथा मोर्चा सङ्गठन र सदस्यहरुमा समेत लागु गर्न, गराउन सिङ्गो पार्टी पङ्क्ति क्रियाशील रहनेछ ।

### ३. आचार संहिता लागु गर्नुको उद्देश्य

- लैङ्गिक आधारित हिंसाजन्य क्रियाकलापलाई हतोत्साहित गर्ने ।
- महिलामाथि हुने हिंसा विरुद्ध शून्य सहनशीलताको संस्कृति विकास गर्ने ।
- पार्टी र पार्टीका मोर्चा संगठनहरुलाई महिला विरुद्ध हिंसाशून्य संगठनको रूपमा स्थापित गर्ने ।
- लैङ्गिक आधारित हिंसा अन्त्यको राष्ट्रिय अभियान तथा सामाजिक आन्दोलन अघि बढाउने ।

### ४. नेकपा (एमाले) र सम्बन्धित मोर्चा सङ्गठनका सदस्यले गर्न नहुने कामहरु

नेकपा (एमाले) र सम्बन्धित मोर्चा सङ्गठनका सम्पूर्ण कमिटी तथा यसका नेता, कार्यकर्ता तथा सदस्यहरुले महिला विरुद्ध हिंसा हुने निम्न अनुसारका गतिविधि गर्न, गराउन वा सङ्लग्न हुनु हुंदैन ।

- महिला विरुद्धका हिंसाजन्य कार्यमा प्रत्यक्ष/परोक्ष सङ्लग्नता वा प्रोत्साहन
- हिंसाजन्य कार्यहरु विरुद्धका अनुसन्धान तथा न्यायिक कारवाहीहरु उपर हस्तक्षेप, अवाञ्छित तरिकाले प्रभाव पार्ने प्रयास र अवरोधको सिर्जना
- हिंसाजन्य कार्य र प्रमाणलाई छिपाउने, गलत सूचना दिने र पीडकहरुलाई संरक्षण दिने काम
- लैङ्गिक पूर्वाग्रही अभिव्यक्ति वा भाषाको प्रयोग
- हिंसाजन्य कुप्रथाहरुलाई कायम राख्ने वा प्रवर्द्धन गर्ने गतिविधिमा सङ्लग्नता
- महिला विरुद्ध हिंसा सम्बन्धी प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु

**५. नेकपा (एमाले) र सम्बन्धित मोर्चा सङ्गठन र सदस्यहरुले गर्नुपर्ने काम**

- महिला हिंसा विरुद्धका चेतनामूलक अभियान तथा गतिविधिहरुमा सरिक हुने तथा सहयोग पुऱ्याउने
- महिला तथा लैङ्गिक आधारित हिंसा विरुद्ध शून्य सहनशीलताको भावना अङ्गिकार गर्ने
- महिला हिंसा विरुद्धका घटनाहरुको अनुसन्धान तथा छानबिनका कामहरुमा सहयोग पुऱ्याउने ।
- महिला तथा लैङ्गिक आधारित विभेद विरुद्ध नीतिगत निर्णयहरुको परिपालना गर्ने गराउने तथा कार्यक्रमहरु कार्यान्वयनमा सघाउने ।
- महिला विरुद्ध हिंसाजन्य कुनै पनि गतिविधि कतै कसैबाट भएमा वा जानकारी पाएमा तदारुकताका साथ सम्बन्धित निकायहरुमा जानकारी गराउने ।

**६. आचार संहिता उल्लङ्घनकर्तालाई कार्वाहीको व्यवस्था**

केन्द्रिय कमिटी/निकाय लगायत स्थानीय कमिटी तथा सम्बन्धित मोर्चा सङ्गठनका सदस्यबाट हिंसा भएमा हिंसाको प्रकृति र गम्भीरता हेरी निम्नअनुसार कार्वाही अगाडि बढाउने-

- आचार संहिता उल्लङ्घन गरेमा प्रकृति हेरी दुबै पक्षलाई बोलाएर आत्मालोचना गराउने, माफी मगाउने, लिखित कागज गराउने, पदीय जिम्मेवारी परिवर्तन गर्ने, पार्टीको तर्फबाट समेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिमा सहभागी हुन रोक लगाउने, निलम्बन गर्ने, निष्काशन गर्ने ।
- राष्ट्रिय कानुनले गैरकानुनी ठहर गरेका बहुविवाह/बालविवाह/अनमेल विवाह, बोक्सा/बोक्सी, दाइजो/तिलक आदि आरोपमा मुद्दाको छिनोफानो नहुन्जेल सङ्गठनबाट निलम्बन गर्ने, मुद्दाको छिनोफानो भई आरोप प्रमाणित भएमा निष्काशन गर्ने र कानुनी कार्बाहीको लागि राज्यलाई सहयोग गर्ने ।
- आचारसंहिता उल्लङ्घन गरेका व्यक्तिलाई कुनै पनि निर्वाचनमा उम्मेदवार हुन रोक लगाउने । कुनै पनि राजनैतिक नियुक्तिबाट बञ्चित गर्ने ।
- बलात्कार तथा गम्भीर प्रकृतिको यौनजन्य हिंसा र मानव बेचबिखनमा सङ्लग्न व्यक्तिलाई सङ्गठनबाट निष्काशन गर्नुका साथै कानुनी कार्बाही गराउने ।

**हिंसा प्रभावित पक्ष सङ्गठनको सदस्य रहेछ भने,**

- प्रभावित व्यक्तिको अधिकार संरक्षण गर्न आवश्यक पर्ने तात्कालीक राहत, स्वास्थ्य उपचार, कानुनी तथा मनोसामाजिक परामर्श एवं भौतिक सुरक्षा समेतको लागि तत्काल तदारुकताका साथ पहल गर्ने ।
- घटनाको प्रकृति हेरी पीडक पक्षबाट क्षतिपूर्ति भराउन र प्रभावित पक्षलाई कानुनी प्रक्रिया अगाडि बढाउन आवश्यक सहयोग गर्ने ।

- कार्बाही अगाडि बढाउदा प्रभावित व्यक्तिको मर्यादा तथा गोपनीयताको सम्मान एवं संरक्षणमा ध्यान दिने ।

**७. नेकपा (एमाले) तथा सम्बन्धित मोर्चा सङ्गठनको आन्तरिक कार्वाहीसम्बन्धी निकाय र प्रक्रिया**

- महिला विरुद्ध हिंसाको सुनुवाइ तथा कार्वाही प्रक्रिया निम्न निकायबाट सञ्चालन हुनेछ–
  - पार्टीको केन्द्रीय तहमा- केन्द्रीय अनुशासन आयोग
  - मातहत कमिटीमा- सम्बन्धित तहको कमिटी/सङ्गठनको पदाधिकारीको नेतृत्वमा छुट्टै संयन्त्र
  - मोर्चा सङ्गठनमा- सम्बन्धित सङ्गठनको पदाधिकारीको नेतृत्वमा छुट्टै संयन्त्र
- महिला विरुद्ध हिंसासम्बन्धी घटनाका बारेमा तदारुकताका साथ सम्बन्धित निकायमा लिखित वा मौखिक जानकारी गराउने र सम्बन्धित निकायले तत्काल कार्बाही अगाडि बढाउनेछ ।
- सम्बन्धित पक्षले निर्णय चित्त नबुझेमा केन्द्रीय निकायमा पुनरावेदन गर्नसक्ने र केन्द्रीय निकायले तत्काल कार्वाही अगाडि बढाउनेछ ।
- केन्द्रीय निकायले घटना वा घटना उपरको निर्णयलाई पार्टी/सङ्गठनको केन्द्रिय कमिटीमा पेश गर्न सक्नेछ र केन्द्रीय कमिटीले गरेको निर्णय अन्तिम हुनेछ ।

**८. आचारसंहिताको कार्यान्वयन**

- यो आचारसंहिता नेकपा (एमाले) को नवौं महाधिवेशनबाट पारित भएपछि तुरुन्त लागु हुनेछ ।

(नवौं राष्ट्रिय महाधिवेशनबाट पारित प्रस्ताव नं. ११ सँग सम्बन्धित)